गाउँपालिका वस्तुगत विवरण प्रकाशन गर्नुको उद्देश्यः

वर्गिकृत रुपमा रहेका तथ्याङ्कहरुको एकिकृत गरी नीति निर्माणमा उपयोग गर्नु,

तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका विधिहरुः

खुला प्रतिस्प्र्धाबाट छानिएका संकलकहरु सम्बन्धित ठाउँमा गई उद्देश्यमूलक कार्य गर्ने,

वस्तुगत विवरणको सीमाः प्राथमिक र केहि द्धितिय

# ऐतिहाँसिक पृष्ठभूमी, नामाकरण, सीमाना, क्षेत्रफल (Historical Background, Naming, Location and Area):

## मेल्लेख गाउँउपालिका

ऐतिहाँसिक दृष्टिकोणले हालको मेल्लेख गाउँपालिका तथा साविकको विन्ध्रेवासिनी गाविसको वडाको आफ्नै खालको विशेषता रहेको छ । मेल्लेख गाँउपालिकाका विभिन्न ८ वटा वडाहरुको अस्थायि केन्द्र पनि हो । यस विगतः  जिल्लाको सदरमुकाम मंगलसेनवाट ९ कोष टाढा उत्तरमा अवस्थित छ । उक्त केन्द्र रहेको वडाका बारेमा विस्तृत हालको ५ नं. वडा विवरणमा उल्लेख छ । यस गाउँपालिकामा जम्मा ८ वडा रहेका छन् । यि ८ वटा वडाहरुको वर्तमानमा एकताको आधार विगतको **पन्ध्र बीस**लाई लिने गरिन्छ । यसको पूर्वमा रामाराशो गाँउपालिका, पश्चिममा, साँफेवगर नगरपालिका, उत्तरमा बान्नीगढी जयगढ गाउँपालिका र दक्षिणमा बाजुरा जिल्ला यसका भौगोलिक सिमानाहरु हुन । हाल मेल्लेख गाउँपालिकाको कार्यालय रहेको स्थान समुन्द्री सतहदेखि १६९८ मिटरको उचाईमा रहेको छ । अक्षांस २९$^{0}$१५'१९.५" उत्तरी अक्षाँस देखि पूर्वी देशान्तर ८१$^{0}$१७'११.११"  रहेको छ ।

नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो । विम्कोटको केही अंश पनि यसै गाविसमा पर्दछ । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा हालको षोडशा, ठाँटी, कुस्कोट, बिन्ध्रेवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना क्षेत्रलाई **पन्ध्र बीस** दरामा विभाजन गरीएको थियो । अछाम जिल्ला १३ वटा ईलाकाहरुमा विभाजित थियो ।  हालको मेल्लेख यि सबै गाउँपञ्चायतको मध्य भागमा रहेको छ । दैनिक प्रशासनिक कामहरु नभएता पनि कुरा गर्ने, भेटघाट गर्ने थलोको रुपमा विकास हुदै केन्द्र भागमा रहेको हुदा तत्कालिन समयमा ईलाका सदरमुकामका रुपमा विकास गरिएको मानिन्छ । २०४६ को जनआन्दोलन पश्चात्त सम्पन्न २०४९ को स्थानीय निर्वाचनमा यस ईलाकाबाट कांग्रेसको सहयोगमा हालको वार्ड नं. ५ निवासी मोति अधिकारी ईलाका सदस्यमा निर्वाचित भएका थिए भने २०५४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा यस ईलाकाबाट तत्कालिन नेकपा (एमाले) उम्मेदवार वार्ड नं. ३ निवासी हेमराज शाह ईलाका सदस्य तथा वार्ड नं. ६ निवासी कृष्णप्रसाद जैशी जिविसको सभापतिमा निर्वाचित भएका थिए । पुरानो राजावादी सोच, समन्तवादका विरुद्धको लडाँई ,दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त हुदै यस ईलाकामा हालको हात्तिकोट बाहेक सबै वडाहरुमा (विगतका गाविसहरुमा) तत्कालिन एमाले उम्मेदवारहरु विजयी हुदा जनतामा निकै उत्साह छाएको थियो । यहाँको जनजिवन र विकास पनि राष्ट्रिय राजनीतिसंग सम्बन्धित भएको हुदा मुलुकको तत्कालिन परिवेशलाई समेत ध्यान दिईनु पर्दछ ।

२०५२ साल फाल्गुण २ गतेबाट तत्कालिन माओवादीले राज्य विरुद्धको शसश्त्र संघर्ष सुरु गऱ्यो । खास गरी २०५४ मा निर्वाचित स्थानीय सरकारको म्याद संविधानतः २०५९ मा समापन भएतापनि विषम राजनीतिक परिस्थितिमा चुनाव हुन नसक्ने अवस्थाको लेखाजोखा गरी राजनीतिक सहमतिका आधारमा १ वर्ष म्याद थप्ने तत्कालिन एमाले र कांग्रेसको प्रस्ताव देउवाद्धारा अस्विकार गरियो जसले राजनीति अवस्था थप तरल र अन्यौलता तर्फ धकेलियो । यस विच राज्य र माओवादी पक्षबाट थुप्रै जनधनको क्षेती भयो । यस ईलाका तथा हालको मेल्लेख गाउँपालिकाका वार्ड नं.

८ बाहेक सबै वडाहरुमा तत्कालिन जनयुद्धको प्रयाप्त प्रभाव रहयो । राजनीतिक हिसाबले गाउँमा कम्युनिष्ट बाहेक मान्छे भेटिदैन थे । कोहि विस्थापितका नाममा गाउँ छोड्न पुगे, कोहि केहि वा अन्य हिसाबले गाउँ छोडेको भेटिन्छ । उक्त क्रम १० वर्ष चल्यो । उक्त संघर्षको मैदानमा हतियार सहित अहिलेका गाउँपालिका अध्यक्ष लोकबहादुर बोहरा सहितका युवाहरुको सशक्त भूमिका छ । मुलुक स्थानीय सरकार विहिन भयो । विकास निर्माण र नीति निर्माण लथालिङ्ग वन्यो । जिल्ला सदरमुकाम समेत २०५८ मा ध्वस्त भयो । गाउँबाट सदरमुकाम आवत जावत दोहोरो अनुमतिमा हुन थाल्यो । यस ईलाका अप्ठेरो परिस्थतिमा जिल्ला सदरमुकाम मंगलसेनमा यहाँका जनताको सुखदुःमा आवश्यक सहयोगका लागि शेरबहादुर कुवँर (राष्ट्रिय सभा सदस्य तथा एमाले अध्यक्ष) को भूमिका ठूलो छ भने यसै गाउँपालिका वार्ड नं. ६ निवासी हिरण्ड भट्टराई (नेकपा- गापा संयोजक तथा सुपखेविस कोषाध्यक्ष) पनि यस अभियानमै सहयोगी थिए जुन यस क्षेत्रका निम्ति हुने हरेका गतिविधिमा समाबेश हुने गर्दथे ।

यो क्रम २०६२/०६३ सम्म चल्यो । तत्कालिन राजा ज्ञानेन्द्र निरंकुशता विरुद्धको आन्दोलनमा सातवटा राजनीति दल र माओबादी वीच राजनीतिक एजेण्डामा सहमति गरि गणतन्त्र स्थापनार्थ २०६२ मंशिर ७ गते बाऱ्हबुंदे समझदारी बन्यो । अब राजा एका तिर भए भने राजनीतिक दल अर्को तर्फ । नेपालको राजनीतिक दुई ध्रुवमा केन्द्रित भयो । राष्ट्रिय-अन्तरराष्ट्रिय  मान्यता प्राप्त आन्दोलन (२०६२ चैत्र २२ देखि २०६३ बैशाष ११ गते) १९ दिनसम्म चलेको थियो । आन्दोलनमा २० जनाले सहादत प्राप्त गरे । त्यस आन्दोलनमा यस गाउँपालिकाबाट समेत व्यापक जनसहभागिता जुटेको थियो । सात राजनीतिक दलको मार्गचित्र बमोजिम २०५९ विघटन गरिएको संसदको पुर्नस्थापनसंगै ११ गतेको घोषणा पछि नेपालमा लोकतन्त्रको स्थापना भएको हो ।

संविधान सभा मार्फत संविधान निर्माण गर्ने दलहरुको लामो ईतिहाँस भएतापनि सबै एकजुट हुन नसक्दा सम्भव भएको थिएन । समझदारी अनुसार संविधान सभाबाट चुनिएका जनताका प्रतिाोधिहरुले संविधान वनाउन २०६४मा संविधान सभाको निर्वाचन भयो । यस क्षेत्र जनताले तत्कालिन नेकपा (एमाले) सचिव शेरबहादुर कुवँर तथा २०७० नेकपा ( एमाले) केन्द्रिय उपाध्यक्ष भीम रावललाई संविधान सभाको सभाषद्मा विजयी बनाउन योगदान गरे । जसको फलस्वरुप २०७२ भदौ ३० गते यो संविधान २ तिहाई (झण्डै ९० प्रतिशत बढी) मतले पारित, असोज १ गते सभाषद्द्धारा हस्ताक्षर गरी  र सभामुखद्धारा प्रमाणित र असोज ३ गते देखि लागु हुने गरी जारी गरियो ।

नेपालमा विद्यमान ७५ जिल्लालाई ७७ जिल्ला र ३९७३ (३९१५ गाविस र ५८ नगरपालिका) स्थानीय तहलाई सानो आकारमा ल्याउन सहज थिएन । पहिले मेल्लेख गाउँपालिकालाई साँफेवगर नगरपालिकामा समावेश गर्ने र अछाममा जम्मा ७ वटा मात्र स्थानीय तहहरु निर्माण गर्ने भनियो । त्यसका विरुद्ध तत्कालिन नेकपा (एमाले)ले मिति २०७३ भाद्र ०५ गते जिल्ला कमिटीको बैठक बसी अछाममा १० (७५ वटा गाविसहरुलाई भौगोलिक विकटता र जनसंख्याका आधारमा ईलाकालाई अस्थायि केन्द्र मानि ४ नगरपालिका र ६ गाउँपालिका) वटा स्थानीय तहका लागि सुझाए बमोजिम तत्कालिन जिविसले पुरानो ४ नं ईलाका पुरै तथा ५ नं. ईलाकाबाट नन्देगडा गाविस (हालको वार्ड नं. ७) सहित जिल्लामा राजनीतिक सहमति जुटाई मन्त्रालयमा सिफारिस गऱ्यो । नेपाल सरकार मन्त्रि परिषद्ले मिति २०७३ फाल्गुण २२ गते अछाममा ६ वटा गाउँपालिका र ४ वटा नगरपालिकाको निर्णय गर्दै सोहि फाल्गुण २७ गते राजपत्रमा प्रकाशन गरी यस गाउँपालिको गठन भयो ।

| मेल्लेख गाउँपालिकाको विस्तृत विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नयाँ वडा | समावेश गाविस | जनसंख्या | क्षेत्रफल (कि.मि.) |
| १ | १ | ऋषिदह (१,३,४,८ र ९ | २४७८ | १५.२३ |
| २ | २ | ऋषिदह (२,५ र ७) | २०८२ | १६.६१ |
| ३ | ३ | ठाँटी (१-९) | २६७३ | १०.२५ |
| ४ | ४ | कुस्कोट (१-९) | ४७५४ | १९.७ |
| ५ | ५ | विन्ध्वेवासिनी  (१-९) | ३२२२ | १४.२५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ६ | षोडशादेवी (१-९) | ३९३४ | ३०.०८ |
| ७ | ७ | नन्देगडा (१-९) | ३७८० | २०.६३ |
| ८ | ८ | हात्तिकोट (१-९) | १८४७ | ८.०२ |
| जम्मा | | | २४६७० | १३४.७७ |

श्रोत:केन्द्रीय तथ्याङ्क विभाग

पूर्व अवस्थामा उक्त क्षेत्रमा अन्न वालिको उत्पादन निकै कम हुने गर्दथ्यो । यहाँको मुख्य वाली जौ, आलु, मकै, कोदो तथा धान भएतापनि खाद्यान्नको अभाव हुने क्षेत्रमा वर्तमानको मेल्लेख गाँउपालिका पनि हो । तर घना तथा बाक्लो जंगलको यस क्षेत्रको विशेषता हो । बाक्लो जंगल भएतापनि बाक्लो कुकाठको बाहुल्यता अहिले पनि विद्यमान छ । खासगरी १२०० मिटर भन्दा माथिल्लो भागमा हावापानी (**न्यानो समशितोष्ण हावापानी** (१२००- ३३०० मिटरसम्म) मा पनि विविधता हुने गर्दछ । यो हावापानी खासगरी कुकाठको लागि योग्य हुन्छ र यस प्रकारको हावापानी पाईने स्थानलाई लेक भनने गरिन्छ । यस उचाईमा रहेको भूभाग खासगरी **मेल**को बाहुल्यता हाल पनि उपलब्ध छ । लेकालि भूभाग र **मेल** सहितको **लेक**लाई संगै जोडी **मेललेक भन्न थालियो ।** यसरी **मेललेक**बाट विकास हुदै हाल **मेल्लेखको** नमाबाट उक्त ठाउँ परिचित छ ।

संविधान कार्यान्वयन स्वरुप स्थानीय तहको निर्वाचन नेपालको राजनीतिक पार्टीहरुको पहिलो अनिवार्यता थियो । स्थानीय सरकार निर्माणका लागि २०७४ मा स्थानीय तह निर्वाचन सम्पन्न भयो । यस गाउँपालिकामा तत्कालिन माओवादी र कांग्रेसको गठबन्धन कायम गरियो । लोकबहादुर बोहरा अध्यक्ष (तत्कालिन माओवादी उम्मेदवार) र धनबहादुर शाही (कांग्रसेबाट) उपाध्यक्षमा विजयी प्राप्त गरे भने बहुमत वडाहरु तत्कालिन नेकपा (एमाले) विजयी हासिल गऱ्यो । जसको फलस्वरुप स्थानीय सरकार निर्माण भई हाल क्रियासिल छ । हाल लोकबहादुर बोहरा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को सदस्य तथा उक्त पार्टीको निर्वाचित मोर्चा प्रमुख हुन ।

मेल्लेख गाउँ कार्यपालिका निर्वाचित संरचना

| क्र.सं./क्षेत्र | | नाम | पद | पार्टी | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका | लोकबहादुर बोहरा | अधयक्ष | ने क पा | |
| २ | गाउँपालिका | धनबहादुर शाही | उपाध्यक्ष | नेपाली कांग्रेस | |
| ३ | १ | तुले धामी | वडा अध्यक्ष | नेपाली कांग्रेस | |
| ४ | २ | दानबहादुर बुढा | वडा अध्यक्ष | ने क पा | |
| ५ | ३ | केशर शाह | वडा अध्यक्ष | ने क पा | |
| ६ | ४ | बीरबहादुर साउँद | वडा अध्यक्ष | ने क पा | |
| ७ | ५ | रेवन्त अधिकारी | का.बा.वडा अध्यक्ष | नेपाली कांग्रेस | |
| ८ | ६ | नरपति रावल | वडा अध्यक्ष | ने क पा | |
| ९ | ७ | नरबहादुर साउँद | वडा अध्यक्ष | ने क पा | |
| १० | ८ | खकिन्द्र साउँ | वडा अध्यक्ष | नेपाली कांग्रेस | |
| ११ | ९ | कुईचे लुहार | कार्यपालिका सदस्य | ने क पा | |
| १२ | १० | कमलदेखी ताम्राकार | कार्यपालिका सदस्य | ने क पा | |
| १३ | ११ | जमुनादेवी नेपाली | कार्यपालिका सदस्य | ने क पा | |
| १४ | १२ | दिलादेवी बुढा | कार्यपालिका सदस्य | ने क पा | |
| १५ | १३ | नरेन्द्र नेपाली | कार्यपालिका सदस्य | ने क पा | |
| १६ | १४ | हिमसरा खड्का | कार्यपालिका सदस्य | ने क पा | |

| जम्मा संख्या |
|---|
| १६ |

यस गाँउपालिकाको समग्र राजनीति शक्ति सन्तुलनको परिवेश हेर्ने हो भने यहाँ जम्मा २ टा पार्टीहरु मात्र छन् । एउटा नेपाल कम्युनिष्ट पार्टी र अर्को नेपाली कांग्रेस । तत्कालिन राजनीतिक परिवेशमा प्रभावबाट मुलुक नै अघि बढिसकेको छ । एमालेका तत्कालिन महासचिव मदनकुमार भण्डारी रसंगठन विभाग प्रमुख जिवराज आश्रितको २५औं स्मृति दिवुका दिन २०७५ जेष्ठ ३ गते पार्टी एकताको ऐतिहासिक घोषणा गरी तत्कालिन नेकपा (एमाले) र नेकपा माओवादी (केन्द्र) वीच एकिकरण भएको छ । यो हिसाबले यस गाउापालिकामा नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को बाहुल्यता नै छ भने नेपाली कांग्रेस दोश्रो स्थानमा रहेको छ । हाल यस गाउँपालिकामा नेपाल कम्युनिष्ट पार्टी (न क पा) को संयोजन तत्कालिन नेकपा (एमाले) का जिल्ला कटि सचिवालय सदस्य हिरण्ड भट्टराई तथा तत्कालिन नेकपा माओवादी (केन्द्र) का आयोजक कमिटी सदस्य अर्जुन धामीले सह-संयोजन गरिरहेका छन भने नेपाली कांग्रेसबाट पदम खडकाले संयोयज गरिरहेका छन ।

यस गाउँपालिका राजनीतिक संगै सामाजिक आन्दोलनमा समेत सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित वडाको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । केहि सरकारी सेवा सुविधाको प्राप्तिका लागि सदरमुकाम मंगलसेन जानुपर्ने बाध्यता विद्यमान छ । नुन बोकेर खानु पर्ने यात्राका दिनहरुको समाप्ति भएको छैन तापनि दिनहरुको समय र यात्रा मात्र छोटिएको छ । यस क्षेत्रको प्रतिनिधि तथा ईलाका नं. ४ का राजनीतिक कार्यकर्ताको सक्रियतामा सडक यातायातकालागि राष्ट्रिय योजना आयोगले मष्टामाण्डौं शोडषा- ऋषिदहसम्मको पर्यटकीय सडकको निर्माण भईरहेको छ । मष्टामाण्डौं-हात्तिकोट-कुस्कोट- ठाँटी- ऋषिदह सडक निर्माणाधिन अवस्थामा छ भने जयगढ- नन्देगडा सडक स्थानीयको निष्कृयताले पुर्ण आकार सञ्चालनमा आउन सकेको छैन । यसै क्षेत्रको एमाले नेता कृष्णप्रसाद जैशी जिविसको सभापति हुदा निर्माण गरिएको २० वर्षे **जिल्ला सडक गुरु योजना** (DTMP) को मापदण्डमा दिगोपनाका लागि उक्त सडकलाई पनि समावेश गरी पर्यटकीय महत्वको वनाउने उद्देश्यले काम थालिएको छ । यस सडकले उक्त गाविसलाई दुपाल्तबाट मेल्लेखसम्मको छोटो सडक निर्माण गर्न सहयोगी भूमिका खेलेको छ । ऋषिह र ठाटीसम्म सडक सञ्जाल जोडिएतापनि दिगोपनामा समस्या देखिएको छ ।

शिक्षा तर्फ जनशिखा क्याम्पस सञ्चालनमा छ भने यस गाउँपालिकामा ३ वटा कक्षा १२ सम्म तथा ६ वटा कक्षा १० सम्म पढाई हुने विद्यालयहरु छन् । प्राविधिक शिक्षा तर्फ भर्खरै मात्र दुर्गा मावि नन्देगडाले जेटिए (कृषि- १५ महिने) को अनुमति प्राप्त गरेको छ भने नन्देश्वरी मावि माडिगडा डिप्लोमा तह (३ बर्षे ओभरसियर) कक्षा सञ्चालनका लागि फिजिबलिटी अध्ययन भई आवश्यक तयारी जुटेको छ ।

यस क्षेत्रका केही राजनीतिक कार्यकर्ता तथा युवाको नेतृत्व र सक्रियतामा संचारका केही कम्पनिका टावरहरुको निर्माण भई सेवा प्रवाह भईरहेको छ । संचारका लागि वडाको हरेक क्षेत्रमा मोवाईल नेटवर्कले काम गरिरहेको छ तापनि ईन्टरनेट सुविधाबाट बञ्चित रहेको देखिन्छ । भने स्वास्थ्य सेवा मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन सरकारी योजना भएतापनि निर्वाचित पदाधिकारीहरु र नयाँ संरचना अनुसार तालमेलको खाँचो देखिएको छ । विगतमा गाविसको आफ्नो पहलमा Birth in Center को स्थापना गरी सेवा प्रवाह भईरहेकोमा हाल उक्त सेवा नै प्रभावित गरी दक्ष जनशक्तिको अभाव सृजना गरिएको छ ।

कृषि, सिंचाई, पर्यटन, शिक्षाका प्रयास थालिएको छ तापनि ठोस कदम लिन सकेको देखिदैन । वेरोजगारी समस्या समाधान तर्फ पहल चाल्नु आवश्यक देखिन्छ । गाउँपालिकाले भर्खरै मात्र श्रोत नक्शा, पार्श्व चित्र निर्माण गरिसकेको छ । यस गाउापालिकाको समग्र सूचना प्रणालिलाई एकिकृत गर्न बृहत श्रोत नक्शा निर्माण आवश्यक देखिएको छ । सडकको गुरु योजना वा अन्य कुनै सर्वे, डिजाई नै नभई अन्धाधुन्ध खनेर फाल्ने का नै विकास हो भन्ने सोच परिवर्त गर्न जरुरी छ । यसको वातावरणीय प्रभाव र दिगोपनामा ध्यान दिनु आवश्यक छ ।

## ऐतिहासिक विवरण (वडागत)

## वार्ड नं. १

ऐतिहाँसिक दृष्टिले  यस वडाको आफ्नै खालको विशेषता रहेको छ । उक्त वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट १७ कोष टाढा उत्तरमा अवस्थित छ । यस वडा नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा षोडशादेवी, ठाँटी, शोडषादेबी, कुस्कोट, बिन्धेवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना क्षेत्रलाई पन्ध्रबिस दरा भनिन्थ्यो ।

पञ्चायतको कालको राजनीतिक परिवेशमा तत्कालिन विम्कोटे राजाहरुको क्रिडास्थल र समग्र जिल्लाको हिसावले पिछडिएको तत्कालिन १५- २० क्षेत्र अझै ऋषिदह भनेपछि जनता सोझा, ठाँउ विकट भन्ने अर्थबाट बुझ्ने गरिन्थ्यो । तत्कालिन प्रशासक वा नेताले उक्त ठाँउका जनताको पिरमर्का भन्दा पनि आफ्नो “पकेट क्षेत्र वा भोट ब्याँङक” का रुपमा मात्र उपयोग गरेको देखिन्छ ।

उक्त वडा वर्तमानमा रहेको भौगोलिक वनावट भन्दा ठूलो रहेको बुझिन्छ । विगतमा समेत ठूलो गाविस तर साधन श्रोतको अभावका कारण यस गाविसले विकास निर्माणका हकमा धेरै उपलब्धि हाँसिल गर्न सकेको देखिदैन । विकास निर्माणका पूर्वाधारहरुको अभावमा जनस्तर, चेतनाकोस्तर, शिक्षा, स्वास्थ्य सबै विषयहरु प्रभावित हुने गर्दछन । विकासको बाधकका रुपमा रहेको प्रमुख कारण भने भौगोलिक विकटतालाई नै लिईन्छ । जिल्ला सदरमुकामबाट १७ कोषको दूरीमा रहेको यस गाविसमा सरकारी सेवा प्रवाहमा पनि समस्या देखिएको देखिएको थियो । २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचन पछि अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो ।

ऋषिदह गाविस पहिले हालको ठाँटी सहित एउटै गाविस भएता पनि २०३९ सालमा ऋषिदह गाविसबाट ठाँटी गाविस अलग्याएको देखिन्छ भने २३१२ मिटरको उचाईमा रहेका ऋषि देवता थान संगै रहेको झण्डै १५० मिटर लम्बाई दह (ताल) को ऋषिको दहलाई संगै जोडदा ऋषिदह हुदै ऋषिदहको नामको प्रभावका आधारमा यस गाविसको नाम ऋषिदह रहन गएको हो । वहुदलिय व्यवस्थाको स्थापना संगै पञ्चायती व्यवस्थाको अन्त्य भए पछि  ऋषिदहगाउँ विकास समितिमा परिणत गरियो ।

पञ्चायत तथा पुर्वावस्थामा यस गाविस राजनीति थिचोमिचोबाट उम्किन खोज्नु स्वभाविक थियो । यस गाविस २०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि विगतको राजनीतिक अवस्थाको समिक्षा गर्दै अघि बढेको देखिन्छ । जहाँ उत्पिडन हुन्छ भन्ने त्यहाँ क्रान्तिको थालनी हुन्छ भने झै यस गाविसमा पूर्व पञ्चहरुलाई परास्त गर्दै परिवर्तको पक्षमा जनताहरुको बहुमत अभिमत प्रकट भयो । जनताले आफैले चुनेर ऋषिदह गाविसमा २०४९ मा हर्चदे धामी २०५४ मा कर्ण धामी नेकपा (एमाले) बाट विजयी गराए आफ्नो प्रतिनिधिका रुपमा ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. १ मा अवस्थित छ । मिति २०७४ अषाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट नेपाली कांग्रेसका तुले धामी एक सदस्य सहित तत्कालिन नेकपा माओवादी (केन्द्र) संगको चुनावी समिकरणमा विजयी भएका छन् अन्य तीन सदस्य तत्कालिन नेकपा माओवादी (केन्द्र) तथा हाल नेपाल कम्युनिष्ट पार्टीका सदस्य समेत निर्वाचित भएका छन्।

२०७४ मंशिर मा सम्पन्न संघीय तथा प्रादेशिक निर्वाचनमा क्रमश: भीम रावल केन्द्रिय संसद सदस्य र झपट बोहरा प्रदेश संसद तथा अर्थमन्त्रिको जिम्मेवारी प्राप्त गर्नुमा यहाँका जनताको अतूलनीय योगदान रहेको छ ।

अझै २०६२/०६३ को जनआन्दोलन पश्चात्त यहाँ जनताको राजनीतिक चेतनाकोस्तर थप माथि उठेको छ । यहाँ नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा माओवादी (केन्द्र) क्रमश सक्रिय देखिन्छन तथापी नेकपा (एमाले) र नेकपा

माओवादी केन्द्र वीच भने हाल (२०७५ जेष्ठ ३ गते) पार्टी समेत एकिकरण भई सकेकोछ । त्यो हिसाबले हाल वार्डमा नेपाल कम्युनिष्ट पार्टी पहिलो राजनीतिक शक्तिका रुपमा स्थापित देखिन्छ । जिल्ला तहमा भने प्रायः पार्टीले प्रतिनिधित्व गर्ने नेतृत्वको विकास गर्न सकिरहेको देखिदैन ।

गणतन्त्र, धर्म निरिपेक्षता र संघीय शासन प्रणालिको विशेषता सहित नेपालको संविधान २०७२ जारी भए पश्चात्त यस गाविसलाई (मिति २०७३/११/२२ गते को मन्त्रि परिषद् निर्णय अनुसार) साविकका वडाहरु १, ३, ४, ८ र ९ लाई एकिकृत गरी वार्ड नं. १ को गठन गरिएको हो । अलग गरी ऋषि देवता +दह (ताल) नामवाट ऋषिदहगाउँ पञ्चायत नाम राखियो ।

सामाजिक आन्दोलनमा समेत यस उक्त वडा सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त गाविसको सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित वडाको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । सरकारी सेवा सुविधाको प्राप्तिका लागि सदरमुकामको यात्रा मेल्लेख तथा कतिपय कार्यहरु वडा कार्यलयसम्म आईपुगेको अवस छ । नुन बोकेर खानु पर्ने केही यात्राका दिनहरुको कमी आएता पनि कम्तिमा बाजुराको रिट्ठावजार वा षोडशा जानु पर्ने बाध्यता पूर्ण रुपमा हटेको छैन । यस क्षेत्रको प्रतिनिधि तथा युवा सामाजिक कार्यकर्ताहरुको सक्रियतामा सडक यातायातका लागि राष्ट्रिय योजना आयोगले शोडषा हुदै ऋषिदह, कुस्कोट- ठाँटी हुदै ऋषिदह र स्थानीय (जिल्लाबाट) पहलमा रिट्ठा हुदै ऋषिदहका लागि विभिन्न सडकहरु प्रस्ताव गरिएताका छन् । शोडषाबाट ऋषिदह २०७२ मै सडकले छोएतापनि सार्थकता पाउन भने सकेको देखिदैन ।

वडाको प्राय क्षेत्रमा मोवाईल मोवाईल नेटवर्कले काम गरिरहेको छ तापनि आफ्नौ गाविसमा भने टावरको निर्माण हुन सकेको छैन, प्रयास जारी छ । स्वास्थ्य सेवा मातृ तथा बाल मृत्युदर क मगर्ने सरकारी योजना अनुसार उप-स्वास्थ्य चौकी तथा Birth in Center को स्थापना गरी सेवा प्रवाह भईरहेको छ । हाईस्कूलसम्मको शिक्षा स्थानीय चण्डिका माविबाट प्राप्त भईरहेको छ भने ज्ञद्द कक्षासम्मको लागि आवश्यक पहल भईरहेको छ । हाल भने थप शिक्षा प्राप्त गर्न छिमेकी जिल्ला बाजुरा, छिमेकी गाविस ठाँटी, शोडषा वा श्रोत केन्द्र मेल्लेख जानु पर्ने बाध्यता विद्यमान छ ।

## २ भौगोलिक स्वरुप तथा भू- उपयोग

**भू- बनावट (Geographical Structure):** यस वडा मेल्लेखबाट पूर्वमा पर्दछ । ऋषिदह वडालाई २०७३ फाल्गुण २२ गतेको मन्त्रि परिषद् निर्णयबाट अलग गरिएको हो । यहाँको सिमाना पनि त्यहि अनुरुप केहि परिवर्तन भएको छ । उक्त १ वडाको पूर्वमा वार्ड नं. २ ऋषिदह, पश्चिममा वार्ड नं. वार्ड नं. ३ ठाँटी, उत्तरमा बाजुरा र दक्षिण वार्ड नं. ६ शोडषादेवी पर्दछ । यस वडाको वडा कार्यालय रहेको स्थान समुन्द्री सतहदेखि १७०२ मिटरको उचाईमा रहेको छ । यहाँको अक्षांस २९$^{0}$१६'५४.१'' उत्तरी अक्षाँस देखि देशान्तर ८१$^{0}$२१'४०.१" रहेको छ भने क्षेत्रफल १५.२३ वर्ग किलोमिटर रहेको छ ।

यहाँको केहि स्थानहरुको GPS Record यस प्रकार छः

| SN | Lattitude | Longitude | Altitude (M) | IDs | Location |
|---|---|---|---|---|---|
| 16 | 29.281477 | 81.35933298 | 1706.734253 | 031 | Chandika HS |
| 17 | 29.28119604 | 81.35907699 | 1704.182495 | 032 | Astha_Nepal |
| 18 | 29.280615 | 81.35877801 | 1703.186157 | 033 | Ward_ 1_Office |
| 19 | 29.28056597 | 81.35882696 | 1703.813599 | 034 | Ward_1 HP |
| 20 | 29.28075397 | 81.35895797 | 1714.310791 | 035 | Janakalyan AG_off |
| 21 | 29.27608701 | 81.36045598 | 1905.529541 | 036 | Asikatne Village |
| 22 | 29.27608601 | 81.36045297 | 1906.448242 | 037 | Lifru_ Village |

| | | | | | |
|---|---|---|---|---|---|
| 23 | 29.27597998 | 81.36037099 | 1902.828369 | 038 | Lifru Water_Tap |
| 24 | 29.27714397 | 81.35475302 | 1758.038452 | 039 | Kalika Basic School_kanti |
| 25 | 29.27708404 | 81.35469703 | 1752.509888 | 040 | Jhalal Mandu |
| 26 | 29.27863503 | 81.35459997 | 1703.231812 | 041 | Kanti Village |

समुन्द्रि सतहदेखी बढदै गएको उचाईसंगै हावापानी समेत प्रभावित हुने हुदा  आधारमा यस वडामा हिउँदमा हिउ पर्दछ भने ऋषिदह वडामा पर्ने घना र प्रयाप्त जङ्गलका कारण वर्षा याममा पानी प्रयाप्त मात्रामा पर्दछ । घना जङ्गलकै कारण पानीको श्रोत प्रयाप्त छ । जसबाट कासागाड लघुजल विद्युत योजना ९२ किलोवाट (हाल १ र २ को संयुक्त) र सोही वडाको माँझगाँउस्थित भू-गोलमा छिमेकी जिल्ला बाजुराको छतारा वडाले ४५ किलोवाट क्षमताका लघुजलविद्युत उत्पादन गरी सञ्चालनमा छन । सोही खोलाका अर्को विद्युत ३ नं. वडाको लागि ४५ किलोवाट उत्पादन गरी सञ्चालनमा छन् भने केही हात्तेकागज तथा प्रसोधन सम्बन्धि उत्पादन उद्योग पनि सञ्चालनमा छन् । वडाको तल्लो उचाईंमा करिब समथल भू- भाग तथा उचाईको वृद्धिसंगै माथिल्ला भागहरु केही भिरालोपनको वृद्धि हुदै माथि उठेको छ । यस क्षत्रकै महत्वपूर्ण धार्मिकस्थल ऋषिदह (२३१० मिटर) यसै वडामा पर्दछ भने उक्त देवताकोस्थाल धार्मिक तथा पर्यटकीय महत्वको छ । यसर्थमा उक्त वडा **मध्ये पहाडी तथा उत्तरी  भिरालो लेक क्षेत्र क्षेत्र १२००-३१००** पर्दछ ।

**भू- उपयोग (Land Use)** कूल क्षेक्रफलको (५१,७४,२५५पुरानो मध्ये हाल कायम हुने अवस्थामा रहेको) वर्ग मिटर क्षेत्रफल रहेको जमिन खेतीका लागि योग्य मानिन्छ । खेती योग्य जमिनको क्षेत्र प्रयाप्त भएतापनि उत्तरी मोहडाको जग्गा भएको हुदा खेतीपाती मात्रामा भने फल्दैन । उत्तरतिर चिसो बढी हुने भएको हुदा आलु, जौ, गहु भने फल्छ । वडाको तल्लो कासागाड खोलाको छेउछाउमा धान पनि फल्ने गर्दछ तर सोही वडाको धामीगाँउ,  दक्षिणि भागमा फर्केको र वडाका अन्य भागको भन्दा न्यानो तथा बालिनालि राम्रै फल्छ तापनि त्यहाँका जनताको अधिकांस जमिन उत्तरी भेगको वडाको भागमा पर्ने भएको हुदा आफ्नो बारिको उत्पादनले खान पुग्नेको संख्या भने कमै देखिन्छ । उपलब्ध माटोको प्रकार बाहेक उचाईको वृद्धिसंगै तापक्रममा पनि विविधता हुने गर्दछ हावापानीमा परिवर्तन देखिन्छ जस्को प्रत्येक्ष प्रभाव उत्पादनमा पर्दछ । यस वडामा **न्यानो समशितोष्ण हावापानी** (१२००- ३३०० मिटरसम्म) पाईन्छ । उक्त वडा आलु/ घिउ, मह आदिको उत्दानका लागि जिल्लामै प्रख्यात मानिन्छ ।

**वार्ड नं.१ को  अन्तर सम्बन्ध (Inter Relation):** मेल्लखे गाउँपालिकाका शोडषादेवी, ठाँटी, बाजुराको छतारा, रामारोशन गाउँपालिकाको भाटाकाटिया, सुतारको विचमा यस वडा ऋषिदह रहेको छ छिमेकी वडा तथा गाउँपालिकाका वडाहरु अन्तरसम्बन्धित, पारस्परिक सहयोगी, साझा वन, समान संस्कृति भएका अन्तरसम्बन्धित वडाहरु हुन ।

## वार्ड नं. २

ऐतिहाँसिक दृष्टिले  यस वडाको आफ्नै खालको विशेषता रहेको छ । उक्त वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट १७ कोष टाढा उत्तरमा अवस्थित छ । यस वडा नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा षोडशा, ठाँटी, शोडषादेबी, कुस्कोट, बिन्ध्ेवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना क्षेत्रलाई पन्ध्रबिस दरा भनिन्थ्यो ।

पञ्चायतको कालको राजनीतिक परिवेशमा तत्कालिन विम्कोटे राजाहरुको क्रिडास्थल र समग्र जिल्लाको हिसावले पिछडिएको तत्कालिन १५- २० क्षेत्र अझै ऋषिदह भनेपछि जनता सोझा, ठाँउ विकट भन्ने अर्थबाट बुझ्ने गरिन्थ्यो ।

तत्कालिन प्रशासक वा नेताले उक्त ठाँउका जनताको पिरमर्का भन्दा पनि आफ्नो “पकेट क्षेत्र वा भोट ब्याँङक” का रुपमा मात्र उपयोग गरेको देखिन्छ ।

उक्त वडा वर्तमानमा रहेको भौगोलिक वनावट भन्दा ठूलो रहेको बुझिन्छ । विगतमा समेत ठूलो गाविस तर साधन श्रोतको अभावका कारण यस गाविसले विकास निर्माणका हकमा धेरै उपलब्धि हाँसिल गर्न सकेको देखिदैन । विकास निर्माणका पूर्वाधारहरुको अभावमा जनस्तर, चेतनाकोस्तर, शिक्षा, स्वास्थ्य सबै विषयहरु प्रभावित हुने गर्दछन । विकासको बाधकका रुपमा रहेको प्रमुख कारण भने भौगोलिक विकटतालाई नै लिईन्छ । जिल्ला सदरमुकामबाट १७ कोषको दूरीमा रहेको यस गाविसमा सरकारी सेवा प्रवाहमा पनि समस्या देखिएको देखिएको थियो । २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचन पछि अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो । झण्डै २३०० मिटर उचाईमा रहेको ऋषि देवता +दह (ताल) नामवाट ऋषिदहगाउँ पञ्चायत नाम राखियो ।

ऋषिदह गाविस पहिले हालको ठाँटी सहित एउटै गाविस भएता पनि २०३९ सालमा ऋषिदह गाविसबाट ठाँटी गाविस अलग्याएको देखिन्छ भने २३१२ मिटरको उचाईमा रहेका ऋषि देवता थान संगै रहेको झण्डै १५० मिटर लम्बाई दह (ताल) को ऋषिको दहलाई संगै जोडदा ऋषिदह हुदै ऋषिदहको नामको प्रभावका आधारमा यस गाविसको नाम ऋषिदह रहन गएको हो । वहुदलिय व्यवस्थाको स्थापना संगै पञ्चायती व्यवस्थाको अन्त्य भए पछि ऋषिदहगाउँ विकास समितिमा परिणत गरियो ।

पञ्चायत तथा पुर्वावस्थामा यस गाविस राजनीति थिचोमिचोबाट उम्किन खोज्नु स्वभाविक थियो । यस गाविस २०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि विगतको राजनीतिक अवस्थाको समिक्षा गर्दै अघि बढेको देखिन्छ । जहाँ उत्पिडन हुन्छ भन्ने त्यहाँ क्रान्तिको थालनी हुन्छ भने झै यस गाविसमा पूर्व पञ्चहरुलाई परास्त गर्दै परिवर्तको पक्षमा जनताहरुको बहुमत अभिमत प्रकट भयो । जनताले आफैले चुनेर ऋषिदह गाविसमा २०४९ मा हर्चदे धामी र २०५४ मा कर्ण धामी नेकपा (एमाले) बाट विजयी गराए आफ्नो प्रतिनिधिका रुपमा ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. २ मा अवस्थित छ । मिति २०७४ असाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट तत्कालिन नेकपा माओवादी (केन्द्र) तथा हाल नपाल कम्युनिष्ट पार्टी सदस्य दानबहादुर बुढा वडा अध्यक्ष रुपमा निर्वाचित जनप्रतिनिधि हुन भने तत्कालिन नेकपा (एमाले) तथा हाल नेपाल कम्युष्टि पार्टी सदस्य दिला देवी बुढा काउँकार्यपालिको सदस्य समेत रहेकि छिन ।

२०७४ मंशिर मा सम्पन्न संघीय तथा प्रादेशिक निर्वाचनमा क्रमशः भीम रावल केन्द्रिय संसद सदस्य र झपट बोहरा प्रदेश संसद तथा अर्थमन्त्रिको जिम्मेवारी प्राप्त गर्नुमा यहाँका जनताको अतूलनीय योगदान रहेको छ ।

अझै २०६२/०६३ को जनआन्दोलन पश्चात्त यहाँ जनताको राजनीतिक चेतनाकोस्तर थप माथि उठेको छ । यहाँ नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा माओवादी (केन्द्र) क्रमश सक्रिय देखिन्छन तथापी नेकपा (एमाले) र नेकपा माओवादी केन्द्र बीच भने हाल (२०७५ जेष्ठ ३ गते) पार्टी समेत एकिकरण भई सकेकोछ । त्यो हिसाबले हाल वार्डमा नेपाल कम्युनिष्ट पार्टी पहिलो राजनीतिक शक्तिका रुपमा स्थापित देखिन्छ । जिल्ला तहमा भने प्रायः पार्टीले प्रतिनिधित्व गर्ने नेतृत्वको विकास गर्न सकिरहेको देखिदैन ।

गणतन्त्र, धर्म निरिपेक्षता र संघीय शासन प्रणालिको विशेषता सहित नेपालको संविधान २०७२ जारी भए पश्चात्त यस गाविसलाई (मिति २०७३/११/२२ गते को मन्त्रि परिषद् निर्णय अनुसार) साविकका वडाहरु २, ५ र ७ नं. वडाहरुलाई लाई एकिकृत गरी वार्ड नं. २ को गठन गरिएको हो ।

सामाजिक आन्दोलनमा समेत यस उक्त वडा सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त गाविसको सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित वडाको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । सरकारी सेवा सुविधाको प्राप्तिका लागि

सदरमुकामको यात्रा मेल्लेख तथा कतिपय कार्यहरु वडा कार्यलयसम्म आईपुगेको अवस छ । नुन बोकेर खानु पर्ने केही यात्राका दिनहरुको कमी आएता पनि कम्तिमा बाजुराको रिट्ठावजार वा षोडशा जानु पर्ने बाध्यता पूर्ण रुपमा हटेको छैन । यस क्षेत्रको प्रतिनिधि तथा युवा सामाजिक कार्यकर्ताहरुको सक्रियतामा सडक यातायातका लागि राष्ट्रिय योजना आयोगले शोडषा हुदै ऋषिदह, कुस्कोट- ठाँटी हुदै ऋषिदह र स्थानीय (जिल्लाबाट) पहलमा रिट्ठा हुदै ऋषिदहका लागि विभिन्न सडकहरु प्रस्ताव गरिएताका छन् । शोडषाबाट ऋषिदह २०७२ मै सडकले छोएतापनि सार्थकता पाउन भने सकेको देखिदैन ।

वडाको प्राय क्षेत्रमा मोवाईल नेटवर्कले काम गरिरहेको छ तापनि आफ्नौ गाविसमा भने टावरको निर्माण हुन सकेको छैन, प्रयास जारी छ । स्वास्थ्य सेवा मातृ तथा बाल मृत्युदर क मगर्ने सरकारी योजना अनुसार उप-स्वास्थ्य चौकी तथा Birth in Center को स्थापना गरी सेवा प्रवाह भईरहेको छ । हाईस्कूलसम्मको शिक्षा स्थानीय चण्डिका माविबाट प्राप्त भईरहेको छ भने ञद्द कक्षासम्मको लागि आवश्यक पहल भईरहेको छ । हाल भने थप शिक्षा प्राप्त गर्न छिमेकी जिल्ला बाजुरा, छिमेकी गाविस ठाँटी, शोडषा वा श्रोत केन्द्र मेल्लेख जानु पर्ने बाध्यता विद्यमान छ ।

**भू- बनावट (Geographical Structure):** यस वडा मेल्लेखबाट उत्तर-पूर्वमा पर्दछ । यस वडाको पूर्वमा रामारोशन गाउँपालिका, पश्चिममा वार्ड नं. १ ऋषिदह, उत्तरमा बाजुरा र दक्षिणमा वार्ड नं. ६ षोडशादेवी पर्दछ । समुन्द्रि सतहदेखी बढदै गएको उचाईसंगै हावापानी समेत प्रभावित हुने हुदा  आधारमा यस वडामा हिउँदमा हिउ पर्दछ भने ऋषिदह वडामा पर्ने घना र प्रयाप्त जङ्गलका कारण वर्षा याममा पानी प्रयाप्त मात्रामा पर्दछ । घना जङ्गलकै कारण पानीको श्रोत प्रयाप्त छ । जसबाट कासागाड लघुजल विद्युत योजना ९२ किलोवाट (हाल वार्ड नं. १ र २ को संयुक्त) र सोही वडाको माँझस्थित भू-गोलमा छिमेकी जिल्ला बाजुराको छतारा वडाले ४५ किलोवाट क्षमताका लघुजलविद्युत उत्पादन गरी सञ्चालनमा छन । सोही खोलाका अर्को विद्युत ठाँटी वडाको लागि ४५ किलोवाट उत्पादन गरी सञ्चालनमा छन् भने केही हात्तेकागज तथा प्रसोधन सम्बन्धि उत्पादन उद्योग पनि सञ्चालनमा छन् । वडाको तल्लो भाग अर्थात कासागाड छेउछाउ धामीगाँउ, काटी, सानीखेत) करिब समथल भू- भाग तथा उचाईको वृद्धिसंगै माथिल्ला भागहरु केही भिरालोपनको वृद्धि हुदै माथि उठेको छ । यस क्षत्रकै महत्वपूर्ण धार्मिकस्थल नदाई अर्थात नन्दामाताको मन्दिर (२५१० मिटर) यसै वडामा पर्दछ भने उक्त मन्दिर धार्मिक तथा पर्यटकीय महत्वको छ । यसर्थमा उक्त वडा **मध्ये पहाडी तथा उत्तरी भिरमलो लेक क्षेत्र क्षेत्र १२००- ३१००** पर्दछ ।

यस वडाका केहिस्थानहरुको GPS record यस प्रकार उल्लेख छः

| SN | Lattitude | Longitude | Altitude (M) | Date and Time | Location |
|---|---|---|---|---|---|
| 1 | 29.27481003 | 81.36959301 | 1925.637939 | 2018-06-26T05:06:25Z | Ward_ 2_Office |
| 2 | 29.27523198 | 81.36835199 | 1900.406006 | 2018-06-26T05:15:06Z | HP_2 |
| 3 | 29.27635297 | 81.36716796 | 1893.738281 | 2018-06-26T05:18:58Z | Nandamata HS |
| 4 | 29.27721698 | 81.36877997 | 1835.593994 | 2018-06-26T05:37:17Z | Balikhet, Dandasiri |
| 5 | 29.27715504 | 81.36892204 | 1834.252319 | 2018-06-26T05:37:35Z | Bhagawati Mandu_2 |
| 6 | 29.27683401 | 81.370037 | 1852.312988 | 2018-06-26T05:41:41Z | Dandasiri_ 2 |
| 7 | 29.27509099 | 81.37552598 | 1936.716431 | 2018-06-26T06:00:00Z | Nawajyoti ECD_Kharpata |
| 8 | 29.27614099 | 81.37562899 | 1891.215454 | 2018-06-26T06:08:09Z | Kharpata Village |
| 9 | 29.27850201 | 81.37654496 | 1795.770874 | 2018-06-26T06:20:44Z | Bini Temple_ Stream |
| 10 | 29.28082899 | 81.37207397 | 1761.011475 | 2018-06-26T06:32:26Z | Kasegad Bridge |
| 11 | 29.282872 | 81.37137702 | 1796.927124 | 2018-06-26T06:42:58Z | Sanikhet_Tap |
| 12 | 29.28363098 | 81.37174398 | 1826.31604 | 2018-06-26T06:48:31Z | Kamal Basic School |
| 13 | 29.28324298 | 81.36592099 | 1649.639282 | 2018-06-26T07:34:16Z | Sanikhet_ Village |
| 14 | 29.28323502 | 81.36590498 | 1652.453125 | 2018-06-26T07:34:29Z | Kasagad_Hydro |

| | | | | | |
|---|---|---|---|---|---|
| 15 | 29.27892898 | 81.36334699 | 1686.542114 | 2018-06-26T08:01:10Z | Lifru Khola Bridge |

**भू- उपयोग (Land Use)** कूल क्षेकफलको ५१,७४,२५५ वर्ग मिटर क्षेत्रफल रहेको जम खेतीका लागि योग्य मानिन्छ ऋषिदह वडाको । खेती योग्य जमिनको क्षेत्र प्रयाप्त भएतापनि उत्तरी मोहडाको जग्गा भएको हुदा खेतीपाती मात्रामा भने फल्दैन । उत्तरतिर चिसो बढी हुने भएको हुदा आलु, जौ, गहु भने फल्छ । वडाको तल्लो कासागाड खोलाको छेउछाउमा धान पनि फल्ने गर्दछ तर सोही वडाको वडा नं. १ धामीगाँउ, ५ सानीखेत आदिको जमिन दक्षिणि भागमा फर्केको र वडाका अन्य भागको भन्दा न्यानो तथा बालिनालि राम्रै फल्छ तापनि त्यहाँका जनताको अधिकांस जमिन उत्तरी भेगको वडाको भागमा पर्ने भएको हुदा आफ्नो बारिको उत्पादनले खान पुग्नेको संख्या भने कमै देखिन्छ । उपलब्ध माटोको प्रकार बाहेक उचाईको वृद्धिसंगै तापक्रममा पनि विविधता हुने गर्दछ हावापानीमा परिवर्तन देखिन्छ जस्को प्रत्येक्ष प्रभाव उत्पादनमा पर्दछ । यस वडामा **न्यानो समशितोष्ण हावापानी** (१२००- ३३०० मिटरसम्म) पाईन्छ । उक्त वडा आलु, घिउ, मह आदिको उत्दानका लागि जिल्लामै प्रख्यात मानिन्छ ।

**वार्ड नं.२ को अन्तर सम्बन्ध (Inter Relation):** मेल्लख गाउँपालिकाका शोडषादेवी, ठाँटी, बाजुराको छतारा, रामारोशन गाउँपालिकाको भाटाकाटिया, सुतारको विचमा यस वडा ऋषिदह रहेको छ छिमेकी वडा तथा गाउँपालिकाका वडाहरु अन्तरसम्बन्धित, पारस्परिक सहयोगी, साझा वन, समान संस्कृति भएका अन्तरसम्बन्धित वडाहरु हुन ।

## वार्ड नं. ३

ऐतिहाँसिक दृष्टिकोणले यस वडाको आफ्नै खालको विशेषता रहेको छ । यो वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट १४ कोष टाढा उत्तरमा अवस्थित छ । उक्त वडा नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा हालको षोडशा, ठाँटी, कुस्कोट, बिन्धेवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना क्षेत्रलाई पन्ध्रबिस दरा भनिन्थ्यो ।

पञ्चायतको कालको राजनीतिक परिवेशमा तत्कालिन विम्कोटे राजाहरुको क्रिडास्थल र समग्र जिल्लाको हिसावले पिछडिएको तत्कालिन १५- २० क्षेत्र अझै ठाँटी भनेपछि जनता सोझा, ठाँउ विकट भन्ने अर्थबाट बुझ्ने गरिन्थ्यो । विगतमा ठाँटी वर्तमानमा रहेको भौगोलिक वनावट भन्दा ठूलो रहेको बुझिन्छ । **ठू**लो वडा तर साधन श्रोतको अभावका कारण यस वडाले विकास निर्माणको हकमा धेरै उपलब्धि हाँसिल गर्न सकेको देखिदैन । विकास निर्माणका पूर्वाधारहरुको अभावमा जनस्तर, चेतनाकोस्तर, शिक्षा, स्वास्थ्य सबै विषयहरु प्रभावित हुने गर्दछन । विकासको बाधकका रुपमा रहेको प्रमुख कारण भने तत्कालिन राज्य सत्ता अझै सामन्तवाद र भुरे टाकुरेराजाहरु भएको जननिश्कर्ष देखिन्छ । आफू अनुकूल उपयोग गर्ने तथा सत्ता प्राप्ति पछिमा स्वार्थशिद्ध पश्चात्त जनतालाई चिन्न छोडनु पञ्चायती प्रवृत्ति थियो । जिल्ला सदरमुकामबाट १४ कोषको दूरीमा रहेको यस वडामा सरकारी सेवा प्रवाहमा भने समस्या समस्या देखिएको छ ।

सोझा साझा जनता जसलाई अनुकूलतामा उपयोग गर्न सकिने राजनीतिक विश्लेषणका आधारमा त्यस ठाँउको मूल्याङ्कन गरिने चलन लामो समयसम्म कायम रहेको थियो । यस वडाका जनतालाई राजनीतिक मितेरी लगाई आफु अनूकुल वनाई प्रभावमा राखि राख्न विकास भन्दा पनि टाउकेहरुसंगको मिलोमतोलाई बढि महत्व दिईन्थ्यो । पुरानो **दर्वा पञ्चायत** लाई २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचन पछि अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो । सरकारी नीति अनुसार **दर्वा पञ्चायत** २०३९ सालमा हालको ऋषिदह अलग भएपछि गठित उक्त गाउँ पञ्चायतको नाम **दर्वा र वगुडको शिरानीमा रहेको सम्म परेका (गडाहरु)**

**आलिहरु जस्तैः ठाँट परेका अर्थात ठाँटिएका भन्ने शब्दबाट विकास हुदै** उक्त गाउँपञ्चायतको नाम हालको **ठाँटी** रहन गएको हो ।

२०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि  विगतको राजनीतिक अवस्थाको समिक्षा गर्दै अघि बढेको देखिन्छ । २०४९ र २०५४ मा यहाँ एमाले उम्मेदवारहरु विजयी वनेका देखिन्छ । केही वडाहरु कांग्रेस, अधिकांश वडाहरु एमाले उम्मेदवारहरु विजयी वनेको देखिन्छ । २०६२/०६३ को परिवर्तन पछि भने उक्त गाविसबाट समेत सामन्तवादको उन्मुलन भएको देखिन्छ । २०५४ सम्पन्न स्थानीय निकाय निर्वाचानमा नेकपा (एमाले) कार्यकर्ता केशर बुढा गाविस अध्यक्ष तथा सोही गाविस निवासि हेमराज शाह ईलाका सदस्या (क्षेत्रपाल) मा एमालेको तर्फबाट विजयी भएका थिए ।

अझै २०६२/०६३ को जनआन्दोलन पछि जनतामा राजनीतिक चेतनाकोस्तर माथि उठेको छ । गाविसमा नेकपा (एमाले), नेपाली कांग्रेस, एनेकपा माओवादी र नेकपा माओवादी क्रमश सक्रिय देखिन्छन तापनि केहि पार्टीहरुले अझै पनि जिल्लास्तरमा प्रतिनिधित्व गर्ने नेतृत्वको विकास गर्न सकिरहेको देखिदैन ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. ३ मा अवस्थित छ । २०७४ अषाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट तत्कालिन नेकपा (एमाले)तथा वर्तमान नेकपाका सदस्य केशर बहादुर शाह अन्य चार सदस्य सहित निर्वाचित भएका थिए । साथै यहि वडा निवासी नरेन्द्र नेपालि तत्कालिन नेकपा (उमाले) तथा हालको नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट गाउँ कार्यपालिका सदस्य उक्त पार्टीबाट समेत रहेका छन ।

सामाजिक आन्दोलनमा समेत यस वडा सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त वडाको सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित वडाको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । सरकारी सेवा सुविधाको प्राप्तिका लागि सदरमुकाम प्राय मंगलसेन जानुपर्ने बाध्यता विद्यमान छ । नुन बोकेर खानु पर्ने यात्राका दिनहरुको समाप्ति भएको छ । यस क्षेत्रको प्रतिनिधि तथा ईलाका नं. ४ का राजनीतिक कार्यकर्ताको सक्रियतामा सडक यातायातकालागि राष्ट्रिय योजना आयोगले मष्टामाण्डौं हुदै ह्यत्तिकोट, कुस्कोट- ठाँटी ऋषिदह सम्मको पर्यटन मार्ग (मालिका, नन्दामाता पर्यटकीयस्थल केन्द्रित) सडकको निर्माण भईरहेको छ । यसै क्षेत्रको एमाले नेता कृष्णप्रसाद जैशी जिविसको सभापति हुदा निर्माण गरिएको २० वर्षे **जिल्ला सडक गुरु योजना** (DTMP) को मापदण्डमा दिगोपनाका लागि उक्त सडकलाई पनि समावेश गरी पर्यटकीय महत्वको वनाउने उद्देश्यले काम थालिएको छ र वाजुराको रिठा वजारबाट अन्तरजिल्ला सडकको काम यस क्षेत्रका अगुवाहरुको पहलमा सुरु भएको छ ।

संचारका लागि गाविसको हरेक क्षेत्रमा मोवाईल नेटवर्कले काम गरिरहेको छ तापनि आफ्नौ वडामामा भने टावरको निर्माण हुन सकेको छैन, प्रयास जारी छ । भने स्वास्थ्य सेवा मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन सरकारी योजना अनुसार उप-स्वास्थ्य चौकी र गाविसले आफ्नो पहलमा Birth in Center को स्थापना गरी सेवा प्रवाह भईरहेको छ । शान्ति सुरक्षाकोलागि एमाले नेता भीम रावल गृह मन्त्रि हुदा यहाँ ईलाकास्तरको चौकी स्थापना गरिएको छ । तत्कालिन सभाषद् शेरबहादुर कुँवर तथा जिविसका पूर्व सभापति कृष्णप्रसाद जैशी, हिरण्ड भट्टराई, हेमराज शाह, गोकुल शाह, केशर बुढा, झंकर शाह आदिको सक्रियतामा SLC बोर्ड, स्थापना, उच्च शिक्षा (+२) कक्षा १२ कक्षासम्मका लागि स्थानीय पिपलचौर उमाविमा  पठनपाठन भईरहेको छ भने थप शिक्षा प्राप्त गर्न छिमेकी मेल्लेख तथा बाजुरा जानु पर्ने बाध्यता यथावत छ ।

## २ भौगोलिक स्वरुप तथा भू- उपयोग

**भू- वनोट (Geographical Structure):** यस ३ नं. वडा ठाँटी जिल्लाको मेल्लेखबाट उत्तरमा पर्दछ । ३ नं. वडा ठाँटीको पूर्वमा बाजुरा र ऋषिदह, पश्चिममा वार्ड नं. ४ कुस्कोट, उत्तरमा बाजुरा र दक्षिणमा वार्ड नं. शोडषादेवी

पर्दछन् । यस वडा समुन्द्रि सतह देखी जम्मा १४५८ मिटर उचाईमा मात्र अवस्थित भएको हुदा यसै ईलाका नं. ४ का अन्य वडाहरुको तुलनामा यस वडामा पनि हावापानीमा विविधता भेटिन्छ । वडाको अधिकतमक उचाई २४४० र न्यूनतम ९६० मिटर भएको हुदा वडामा मिश्रित खालको हावापानी पाईन्छ । उत्तरमा बग्ने बुढिगंगा अधिकतम ८४० मिटरबाट बग्ने गर्दछ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 59 | 29.29124602 | 81.337175 | 1573.463257 | 2018-06-27T04:14:34Z | 074 | Darba Village_3 |
| 60 | 29.29108601 | 81.33743702 | 1564.34436 | 2018-06-27T04:15:38Z | 075 | Water Supply |
| 61 | 29.29153101 | 81.33801302 | 1552.42981 | 2018-06-27T04:18:25Z | 076 | Bhawanthan |
| 62 | 29.29253499 | 81.34118498 | 1400.374023 | 2018-06-27T05:05:47Z | 077 | Khatikhet Darba |
| 63 | 29.29265401 | 81.34138699 | 1385.816772 | 2018-06-27T05:07:43Z | 078 | Water Supply |
| 64 | 29.292781 | 81.34237404 | 1361.354492 | 2018-06-27T05:10:40Z | 079 | Kasegad Bridge |
| 65 | 29.29291997 | 81.34234898 | 1347.993286 | 2018-06-27T05:13:23Z | 080 | Hydro Power Thanti |
| 66 | 29.29651002 | 81.33735697 | 1449.319336 | 2018-06-27T05:36:23Z | 081 | Pipalsen HS Darba |
| 67 | 29.298792 | 81.32967504 | 1468.097534 | 2018-06-27T05:54:11Z | 082 | Chisapani Bazar |
| 68 | 29.30682898 | 81.32638598 | 1439.317993 | 2018-06-27T06:16:51Z | 083 | Surjakatte Water Supply |
| 69 | 29.31212601 | 81.31277704 | 1370.943726 | 2018-06-27T06:48:42Z | 084 | Ddewalbasti Baguda |
| 70 | 29.312124 | 81.31291802 | 1379.498413 | 2018-06-27T06:50:20Z | 085 | Water Supply |
| 71 | 29.31086202 | 81.31360902 | 1424.235718 | 2018-06-27T06:57:14Z | 086 | Rawal Tole_Baguda |
| 72 | 29.31056698 | 81.31335597 | 1425.078369 | 2018-06-27T06:59:04Z | 087 | Water Supply |
| 73 | 29.31004596 | 81.31258199 | 1422.031006 | 2018-06-27T07:02:03Z | 088 | Durgadevi Temple |
| 74 | 29.30987497 | 81.31139402 | 1391.48999 | 2018-06-27T07:06:20Z | 089 | Nawadurga Basic School |
| 75 | 29.31357499 | 81.31286203 | 1448.525024 | 2018-06-27T07:14:56Z | 090 | Ward Office |
| 76 | 29.314424 | 81.312714 | 1332.757812 | 2018-06-27T07:17:13Z | 091 | HP_3 |
| 77 | 29.31523201 | 81.31265701 | 1311.688599 | 2018-06-27T07:19:36Z | 092 | Ilaka Police Post |
| 78 | 29.31533201 | 81.31259699 | 1316.381836 | 2018-06-27T07:20:21Z | 093 | Pipalchaur HS |
| 79 | 29.31536503 | 81.31258903 | 1314.086548 | 2018-06-27T07:21:03Z | 094 | Water Supply |
| 80 | 29.31823801 | 81.31299497 | 1185.817139 | 2018-06-27T07:35:11Z | 095 | Baguda Village |
| 81 | 29.31820096 | 81.31292397 | 1189.326172 | 2018-06-27T07:36:19Z | 096 | Water Supply |
| 82 | 29.317834 | 81.31229499 | 1190.815552 | 2018-06-27T07:38:02Z | 097 | Bhagawati Temple |
| 83 | 29.31756897 | 81.31197799 | 1184.696533 | 2018-06-27T07:39:53Z | 098 | Gaughar Clinick_Baguda |
| 84 | 29.31509203 | 81.30932202 | 1182.906494 | 2018-06-27T07:46:47Z | 099 | Kolegaun |

यस वडा भू-गोलको दृष्टि कोणले सानै देखिएतापनि भौगोलिक विभाजन दर्वा- बगुडा भनेर छुटिएको देखिन्छ । करिब १:३० घण्टाको दूरीमा यि दुई गाँउहरुको रहेका छन् । साविक वडा नं. १-५ सम्म बगुडा तथा ६- ९ सम्म दर्वा गाँउमा यस वडाका वडाहरुको अवस्थिति छ । जङ्गलको अत्याधिक भाग वडाको दक्षिणी क्षेत्रमा पर्दछ । दक्षिणको घना जङगल र उचाईका आधारमा वडाका दर्वामा पानीको अत्याधिक श्रोत उपलब्धछ भने सा वगुडाको ४ वडाहरुमा यसको तुलनामा पानिको श्रोतहरु कम भेटिन्छन । खेत रोप्ने प्रयोजनमा स्थानीय खोला, मुहान तथा कासागाड सहयोगी देखिन्छन । उत्तरमा बग्ने काँसागाड नदि ऋषिदह, छिमेकी जिल्ला बाजुरा र ठाँटी वडामा स्थानीय जनतालाई उज्यालो प्रदान गर्न सहयोगी बनेको छ । ठाँटी वडामा करिब ४५ किलो वाट क्षमता वराबरको विद्युत (Micro Hydro) सञ्चालनमा रहेको छ । उत्तरी सिमानामा पर्ने बुढिगंगा नदीलाई राष्ट्रिय गौरबको योजनामा समावेश गराई कुवेत र साउदी कोषबाट निर्माण हुने गरी यस क्षेत्रको नेतृत्व, निवर्तमान सभाषद् माननीय शेरबहादुर कुँवर र पूर्व गृह मन्त्रि तथा एमाले केन्द्रिय सदस्य भीम रावल, पूर्व जिविस सभापति कृष्णप्रसाद जैशी सहित स्थानीयको सक्रियतामा २० मेगावाट क्षमताको विद्युत उत्पादन कार्य शुरु प्रकृयामा छ जुन ठाँटी वडाको नजिकै पर्दछ ।

समुन्द्रि सतहको उचाईको बढ्दो क्रमले मानवीय सभ्यतामा समेत फरक र जिवनशैलीमा भिन्नता संस्कृतिमा विविधता ल्याउने गर्दछ । यस वडामा उपलब्ध हुने सेवा र सुविधा तथा राज्यको पहँच भन्दा टाढा नभएतापनि श्रोत विभाजनमा भने सदरमुकाम वरीपरि फरक र सौतेनी व्यवाहार गरेको अनुभूती कतिपय सर्न्दभमा छथभन्दा हकमा को हावापानी, संस्कृति, पराम्परा, रहन सहन, लवाई खवाई तथा दैनिक क्रियाकलापहरु । ईलाका नं. ४ का अन्यस वडाहरुको यस वडाको हावापानी निकै फरक छ । अन्य ५ वडामा पाईने वनजंगल यस वडामा उपलब्ध हुन्छ । दक्षिमा घना जंगल र जसबाट प्रयाप्त दाउरा, स्याउला, घाँस तथा कुकाठ उपलब्ध हुन्छ भने उत्तरमा भने साल तथा गर्मीमा पाईने वनपैदावरको उपलब्धता भेटिन्छ । भौगोलिक सूचना प्रणाली (GIS) का आधारमा ठाँटी वडाको भूगोललाई केलाउदा यहाँ Level Terraces in Hill Slope Cultivation, Grasslands and Shrubs गरी तीन भागमा बाँडिएको देखिन्छ, । उक्त वडाको भू- गोल धान तथा गहुँ, मकै, कोदो, तोरी, जौ, आलु आदि उत्पादनका लागि महत्वपूर्ण मानिन्छ । वडा तरकारी, माछा, दहि, काफल, तिर्खुला, ऐसेलु आदीको लागि प्रख्यात मानिन्छ ।

यस वडामा शाह, बुढा, रावल, विष्ट, कामी जातीको बाहुल्यता छ । बुढा र शाह जाती अरु जातीहरुको तुलनामा बढी छन् तापनि वडामा रहेका सवै जातजातीहरु मिलेर साझा कामको लागि जेटछन्, सबै मिलेर सार्वजनिक समस्याहरुको समाधानका लागि पहल गर्दे गर्दछन ।  सांस्कृति जाती पिच्छे फरक हुने भएतापनि परम्परागत मनाईदै आएका स्थानीय चाँडपर्वहरुमा सबैको सहभागिता रहन्छ । आ-आफना कुलदेउताको पुजा गर्दछन । वेतालमाण्डौं, मैठामाडु (मषमाण्डौं), दर्गा मन्दिर, झुलदेउ, डेडेखापर आदि यहाँका मुख्या देवी देउता हुन ।

वडाको उचाईका कारण यस वडामा दुई खाले हावापानीको उपलब्धता देखिन्छ ।

१. **उष्ण मौसमी हावापानी:**समुन्द्री सतहदेखी १२०० मिटर सम्मको उचाईमा उपलब्ध हुने हावापानी यस वडामा उपब्ध । कम उचाईका कारण ग्रिष्मऋतुमा यहाँको तापक्रम ३०° से. भन्दा बढी हुने गर्दछ भने हिउदमा २०° सेन्टिग्रेडसम्म यस वडाको तापक्रम रहने गरेको छ । यस वडाको भू- गोलको उचाई अनुसार मनसुनि वायुको प्रभावले करिब २००० मिलिमिटरसम्म वर्षा  भएको पाईन्छ ।
२. **न्यानो समशितोष्ण हावापानी:** उक्त  हावापानी १२०० मिटर भन्दा माथिको उचईमा पाईने भएको हुदा यस वडाको वडा नं. २ को माथिल्लो भागमा यस प्रकारको हावापानी पाईन्छ । यस उचाईमा सरदर ५°- १०° सम्म तापक्रम हुने र मनसुनि वायुको प्रभावले करिब २००० मिलिमिटरसम्म वर्षा  भएको पाईन्छ ।

**भू- उपयोग (Land Use)** कूल क्षेक्रफलको ५०६९०५० वर्ग मिटर क्षेत्रफल रहेको जम्मा खेतीका लागि योग्य मानिन्छ ठाँटी वडाको जमिन । खेती योग्य जमिनको क्षेत्र प्रयाप्त छ । कासागाड सिंचित हुने यस वडाका अधिकांश खेतहरु समयमा नै खेती गर्न योग्य भएता पनि खधान फल्ने योग्य जमिन प्रयाप्त छैन । बलौटे माटोको प्रभावले तातो भन्दा बढी भाग चिसो क्षेत्रले ओगटेको यस वडाको भू- भागमा मकै, कोदो, आलु प्रयाप्त फल्छ ।

**वडा नं. ३ को अन्तरसम्बन्ध (Inter Relation):** यस वार्ड नं. ३ को अन्तरसम्बन्ध निकटवर्ती वडाहरु जस्तैः ऋषिदह, शोडषा, कुस्कोट, वाजुराको छतारा, तोली, बाऱ्हविससंग रहेको छ र उपयर्युक्त वार्ड तथा स्थानहरु यहाँका अन्तरसम्बन्धित, पारस्परिक सहयोगी साझा वन, समान संस्कृति भएका स्थानहरु समेत हुन ।

## वार्ड नं. ४ कुस्कोट

**ऐतिहाँसिक पृष्ठभूमी (Historical Background):** ऐतिहाँसिक दृष्टिकोणले कुस्कोट गाविसको आफ्नै खालको विशेषता रहेको छ । यो वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट ११ कोष टाढा उत्तरमा अवस्थित छ । यो वडा नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो । राणा

कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा हालको षोडशा, कुस्कोट, बिन्धेवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना, मष्टामाण्डौं क्षेत्रलाई **"पन्ध्रबिस दरा"** भनिन्थ्यो । पञ्चायतको कालको राजनीतिक परिवेशमा तत्कालिन विम्कोटे राजाहरुको क्रिडास्थल र समग्र जिल्लाको हिसावले पिछडिएको तत्कालिन १५- २० क्षेत्र अझै कुस्कोट भनेपछि जनता सोझा, ठाँउ विकट, गरिबी, अशिक्षा आदिलाई आधार मानि जनतासंग आफ्नो सम्बन्ध स्थापित गर्ने गरेको देखिन्छ ।

विगतमा कुस्कोट गाविस वर्तमानमा रहेको भौगोलिक वनावट भन्दा ठूलो रहेको बुझिन्छ । ठूलो गाविस भएपनि साधन श्रोतको अभावका कारण गाविसले विकास निर्माणका हकमा धेरै उपलब्धि हाँसिल गर्न सकेको देखिदैन । विकास निर्माणका पूर्वाधारहरुको अभावमा जनस्तर, चेतनाकोस्तर, शिक्षा, स्वास्थ्य सबै विषयहरु प्रभावित हुने गर्दछन । विकासको बाधकका रुपमा रहेको प्रमुख कारण भने तत्कालिन राज्य सत्ता अझै सामन्तवाद र भुरे टाकुरेराजाहरु भएको जननिश्कर्ष देखिन्छ । आफू अनुकूल उपयोग गर्ने तथा सत्ता प्राप्ति पछि स्वार्थशिद्ध पश्चात्त जनतालाई चिन्न छोडनु पञ्चायती प्रवृत्ति थियो । जिल्ला सदरमुकामबाट ११ कोषको दूरीमा रहेको यस गाविसमा सरकारी सेवा प्रवाहमा भने समस्या समस्या देखिएको छ ।

गाविसको नामाकरण सम्बन्धि विभिन्न तर्कहरु रहेतापनि परापुर्वकालमा साँउदहरु (भारतको कुसी) भन्ने ठाँउबाट आएका र त्यहाँबाट आईसकेपछि हालको कुस्कोटमा **"कुसीकोट"** बस्ती बसाले । उक्त कुसीकोट विस्तारै अप्रभंस हुदै **कुस्कोट** नाममा परिणत भई अहिलेको कुस्कोट रहन गएको भन्ने भनाई छ । २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचन पछि अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो । सरकारी नीति अनुसार कुस्कोट गाविसबाट २०३९ सालमा हात्तिकोट गाविसलाई अलग गरी क्षेत्रफल छोट्टयाउने काम भएको पाइएको छ ।

२०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि विगतको राजनीतिक अवस्थाको समिक्षा गर्दै अघि बढेको देखिन्छ । २०४९ र २०५४ मा सम्पन्न स्थानीय निकाय निर्वाचनमा यस गाविसमा गाविसबाट एमाले उम्मेदवारहरु विजयी वनेका देखिन्छ । केही वडाहरु कांग्रेस अधिकांश वडाहरु एमाले उम्मेदवारहरु विजयी वनेको देखिन्छ । २०६२/०६३ को परिवर्तन पछि भने उक्त गाविसबाट समेत सामन्तवादको उन्मुलन भएको देखिन्छ ।

अझै २०६२/०६३ को जनआन्दोलन पछि जनतामा राजनीतिक चेतनाकोस्तर माथि उठेको छ । गाविसमा नेकपा ( एमाले), नेपाली कांग्रेस, एनेकपा माओवादी र नेकपा माओवादी क्रमश सक्रिय देखिन्छन तापनि केहि पार्टीहरुले अझै पनि जिल्लास्तरमा प्रतिनिधित्व गर्ने नेतृत्वको विकास गर्न सकिरहेको देखिदैन ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. ३ मा अवस्थित छ । मिति २०७४ असाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट तत्कालिन नेकपा (एमाले) तथा वर्तमान नेकपाका सदस्य विर बहादुर अन्य चार सदस्य सहित वडा अध्यक्षमा निर्वाचित भएका छन् भने सोही पार्टीबाट कमल देवी ताम्राकार गाउँ कार्यपालिका सदस्यका समेत छिन् ।

सामाजिक आन्दोलनमा समेत यस वडा सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त वडाको सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित गाविसको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । सरकारी सेवा सुविधाको प्राप्तिका लागि सदरमुकाम प्राय मंगलसेन जानुपर्ने बाध्यता विद्यमान छ । नुन बोकेर खानु पर्ने यात्राका दिनहरुको समाप्ति भएको छ । यस क्षेत्रको प्रतिनिधि तथा ईलाका नं. ४ का राजनीतिक कार्यकर्ताको सक्रियतामा सडक यातायातकालागि राष्ट्रिय योजना आयोगले मष्टामाण्डौं हुदै हात्तिकोट, कुस्कोट- कुस्कोट- ठाँटी- ऋषिदहसम्मको पर्यटन मार्ग (मालिका, नन्दामाता पर्यटकीयस्थल केन्द्रित) सडकको निर्माण कार्य भईरहेको छ । यसै क्षेत्रको एमाले नेता कृष्णप्रसाद जैशी

जिविसको सभापति हुदा निर्माण गरिएको २० वर्षे **जिल्ला सडक गुरु योजना** (DTMP) को मापदण्डमा दिगोपनाका लागि उक्त सडकलाई पनि समावेश गरी पर्यटकीय महत्वको वनाउने उद्देश्यले काम थालिएको छ ।

संचारका लागि वडाको हरेक क्षेत्रमा मोवाईल नेटवर्कले काम गरिरहेको छ र यहि गाविसमा विभिन्न लेटवर्कका केही संख्यामा टावरहरुको पनि निर्माण गरिएका छ । भने स्वास्थ्य सेवा मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन सरकारी योजना अनुसार उप-स्वास्थ्य चौकी र गाविसले आफ्नो पहलमा Birth in Center को स्थापना भएको छ भने भवन निर्माण कार्य आर्थिक अभावका कारण सम्पन्न हुन सकेका छैनन् । साथै २०७४ मा सम्पन्न स्थानीय तह निर्वाचनमा तत्कालिन नेकपा (एमाले) र माओवादी केन्द्र तथा हाल नेकपाको प्रतिवद्धता अनुरुप सरानी हुदैं कुयडा- ठाटीसम्म सडक निर्माणमा नेकपामा आवद्ध गाउँ कार्यपालिका, पूर्व जिविस सभापति कृष्णप्रसाद जैशी, मेल्लेख गाउँपालिका ईन्चार्ज हिरण्ड भट्टराईको सक्रियतामा सडक सञ्जालमा समेत जोडिएको छ भने कुयडामा बर्थिङ्ग सेन्टर स्थापना गरएको छ । साधन श्रोतको अभावका कारण पूर्ण रुपमा सञ्चालनमा आउन सकेको छैन । यहाँ बालबालिका शिक्षार्जनका लागि १० कक्षासम्म स्थानीय नागमाण्डौंमा मावि स्थापना गरी अध्यापन गराईन्छ र उच्च शिक्षाका लागि छिमेकी वडाको मेल्लेखमा जाने गर्दछन ।

## २ भौगोलिक स्वरुप तथा भू- उपयोग

**भू- बनोट (Geographical Structure):** यस वडा मेल्लेखबाट उत्तरमा पर्दछ । यस ३ नं. वडा कुस्कोट पूर्वमा ठाँटी, पश्चिममा साँफेवगर नगरपालिका, उत्तरमा बाजुरा र दक्षिणमा वार्ड नं. ५ विन्धेवासिनी रहेका छन । यस वडा समुन्द्रि सतह देखी जम्मा १४३३ मिटर उचाईमा मात्र अवस्थित छ भने अक्षाँस २९$^{0}$१६'२८.८'' उत्तरी अक्षाँस देखि पूर्वी देशान्तर ८१$^{0}$१६'३३.३" सम्म रहेको छ भने गाविसको क्षेत्रफल १८.२७ वर्ग किलोमिटर रहेको छ ।

भएको हुदा यस ईलाका नं. ४ का अन्य वडाहरुको तुलनामा यस वडामा पनि हावापानीमा केहि विविधता भेटिन्छ । वडाको अधिकतमक उचाई २१८०- २२०० सम्म ठाँटी वडासम्म सिमाना जोडिएका कुस्कोट वडा २ को केही अग्ला भागहरु पर्दछन् भने र न्यूनतम ७२०- ७६० मिटर उत्तरमा वाजुरा जिल्लासंग सिमाना जोडिएका तथा बुढिगंगा नदिको छेउमा पर्ने कुस्कोट वडाको भूगोलको भाग पर्दछ अर्थात यसलाई बुढिगंगा नदिको बहाव क्षेत्रको उचाई पनि भन्न सकिन्छ । उचाईको क्रमसंगै आउने विविधताले वडामा मिश्रित खालको हावापानी पाईन्छ । वडा उत्तर- पश्चिम मोहडामा रहेको छ ।

धरातलीय ढालको अवस्था र मोहडाको कारण यस वडाले एक अनौठो बैज्ञानिक मान्यता स्थापित गरेको छ । एउटै वडामा तीन पटकसम्म सूय उदाउने र अस्ताउने गरेको छ । विहान सुर्य उदाएको केहि समयपछि ओडगाँउको डाँडाको छायाले सेलगाँउमा सूर्य अस्ताउनु, ओडगाँउ नजिक सूर्य रहदा फेरी गोलाटको डाँडाले सेलगाँउमा छाया पर्नु र अन्तमा पश्चिम क्षेत्रबाट घाम लाग्ने र बेलुकाको समय भएको हुदा फेरी सूर्य अस्ताउने भएको हुदा यस गाँउलाई **तीन सुर्जे गाँउ** (दिनमा तीन पटकसम्म सूर्यको उदाउने र अस्ताउने कामबाट प्रभावित गाँउ) पनि भन्दछन् । वडा क्षेत्रफलको दृष्टिकोणले मध्यम खालको देखिएतापनि भौगोलिक विकटताका कारण यस वडालाई मुख्य गाँउहरुका आधारमा वडा वर्गिकरण भएको देखिन्छ जस्ले त्यो क्षेत्र भन्ने जनाउदछ । कुयडा, तोलिपाट, ओडगाँउ, सेलगाँउ, रिठातोली, मनकालि, राफा, गोलाघाट आदि यस वडाका मुख्य गाँउ तथा वस्तिहरु पर्दछन् । तथा वारि, पारी तथा परि (वारि- ओडगाँउ, सेलगाँउ- रिठातोली तथा पारी- कुयडा क्षेत्र) जनाउने भाषामा पनि गाँउको सांकेतिक नामका आधारमा उच्चारण गर्ने गरिन्छ । जङ्गलको क्षेत्रको उपलब्ध छ तापनि एकरुपता र एकै नासको जङ्गल भने छैन । बुट्टयन क्षेत्र, कुकाठको बाहुल्यता छ भने बुढिगंगा नदिको छेउ तथा सरानीगाड ( कुयडाको) होचो भागमा सालको उपलब्धता छ । खेत रोप्ने, करेसावारी प्रयोजनमा स्थानीय खोला, मुहान तथा सरानीगाड सहयोगी देखिन्छन । सरानीगाड खोलाबाट वडामा विद्युत प्रयोजनको लागि ३० किलोवाट उत्पादनको क्षमता निर्माण गरिएको भएतापनि सरकारी अनुदान भने २७ किलोवाट

वराबरको मात्र उपलब्ध भएको छ । कडा मेहनेत, अथक प्रयासबाट विद्युत उत्पादन गरिएको छ जस्बाट यस वडाका गाँउ वस्तिहरु विद्युत उपभोग गर्न सफल भएका छन् ।

कुस्कोट वडाको उत्तरी क्षेबाट वग्ने बुढिगंगा नदीकबाट उत्पादन हुने २० मेगावट क्षेमताको MH लाई राष्ट्रिय गौरबको योजनामा समावेश गराई कुवेत र साउदी कोषबाट निर्माण हुने गरी यस क्षेत्रको नेतृत्व, पूर्व गृह मन्त्रि तथा एमाले केन्द्रिय सदस्य भीम रावल, पूर्व सभाषद् माननीय शेरबहादुर कुँवर र, पूर्व जिविस सभापति कृष्णप्रसाद जैशी लगायतको सक्रियतामा २० मेगावाट क्षमताको विद्युत उत्पादन कार्य शुरु प्रकृयामा छ जस्को मुख्यस्थल कुस्कोट वडाको ५ र ६ नं. वडामा पर्दछ ।

समुन्द्रि सतहको उचाईको बढ्दो क्रमले मानवीय सभ्यतामा समेत फरक र जिवनशैलीमा भिन्नता संस्कृतिमा विविधता ल्याउने गर्दछ । यस वडामा उपलब्ध हुने सेवा र सुविधा तथा राज्यको पहँच भन्दा टाढा नभएतापनि श्रोत विभाजनमा भने सदरमुकाम वरीपरि फरक र भेदभाव गरेको अनुभूती हुन्छ ।

यस ईलाका नं. ४ का अन्य वडाहरुको तुलनामा उक्त वडामा पनि हावापानीमा केही भिन्नता भेन्छि । उचाईको बुटीगंगा नदिको किनारमा रहेको वडाका बुढावगरमा निकै गमी हुन्छ भने सोही वडाको पाँती तथा अफै गांज्रामा निकै चिसो हुन्छ । अन्य ५ वडामा पाईने वनजंगलका केहि अंशहरु यस वडामा पनि उपलब्ध हुन्छ । उत्तरमा साल, सल्ला तथा दक्षिणमा कुकाठ चरित्रको जंगलको उपलब्धता छ । यहाँका जनताहरु दाउरा, स्याउला, घाँस, काठ तथा कुकाठ यहाँ उपलब्ध जंगलबाट स्थानीय आवश्यकता पूर्ती गर्ने गरका छन् । भौगोलिक सूचना प्रणाली (GIS) का आधारमा कुस्कोट वडाको भूगोललाई केलाउदा यहाँ Level Terraces in Hill Slope Cultivation, Slopping Terraces in hillslope Cultivation, Grasslands and Abandoned गरी पाँच भागमा यहाँको भूमी तथा जंगलको उपश्थितिलाई विश्लेषण गर्न सकिन्छ । उक्त वडाको भू- गोल धान, गहुँ कोदो, तोरी, तथा माथिल्लो उचाईमा मकै, जौ, आलु आदि उत्पादनका लागि महत्वपूर्ण मानिन्छ ।

यस वडामा भट्टराई, साँउद, शाह, रावल, नायक, दलित आदि जातीको बसोबास छ । अन्य जातीको तुलनामा साँउद जातीको संख्या बढी देखिन्छ तापनि यहाँ सबै जात जाती मिलेर साफा कामको लागि जुटछन्, सबै मिलेर सार्वजनिक समस्याहरुको समाधानका लागि पहल गर्ने गर्दछन । सांस्कृति जाती पिच्छे फरक हुने भएतापनि परम्परागत मनाईदै आएका स्थानीय चाँडपर्वहरुमा सबैको सहभागिता रहन्छ । आ-आफना कुलदेउताको पुजा गर्दछन मान्ने र सोहीको पुजा गर्ने चलन यस वडामा पनि छ ।

उक्त वडाका अछामकै प्रमुख मेला लाग्ने गर्दछः चैतलो, सेलगाँउको चैतालो । **“पर्खिरनु संगै जाँउली सेलगाँउका चैतला, भाक्या हऱ्या मेराईजन मिलाया पैतला”** । प्रख्यात गित, ठाँउ विशोषमा आधारित । चैत्र महिनाको अन्तिम दिनमा, क्षेत्र भरीकै बासिन्दाहरु आई लिंगमाण्डुमा भेला हुने र परम्परादेखि गर्दै आएको प्रकृया पुऱ्याई मेला लाग्ने गर्दछ, भारी खेल, न्याउले खेल, देउडा खेल आदि यस जात्राका (छोटोमा) विशेषता हुन ।

१. **बेंसी क्षेत्रः** अछाम जिल्लाका प्रमुख नदि र किनारमा पर्ने भू-गोल यस क्षेत्रमा समेटिएको हुन्छ । अछाम जिल्लाको परिबेशमा कर्णाली, बुढीगंगाका किनारको सबै क्षेत्र यस भित्र पर्दछ भने वस्ति तथा कैलाश खोलको केहि भागहरु पनि यसमा समावेश गरिएका छन् । यसको अकितम उचाई १२०० मिटर भन्दा कम हुन्छ ।

२. **उष्ण मौसमी हावापानीः** समुन्द्री सतहदेखी १२०० मिटर सम्मको उचाईमा उपलब्ध हुने हावापानी यस वडामा उपब्ध । कम उचाईका कारण ग्रिष्मऋतुमा यहाँको तापक्रम ३०° से. भन्दा बढी हुने गर्दछ भने हिउदमा २०° सेन्टिग्रेडसम्म यस वडाको तापक्रम रहने गरेको छ । यस वडाको भू- गोलको उचाई अनुसार मनसुनि वायुको प्रभावले करिब २००० मिलिमिटरसम्म वर्षा भएको पाईन्छ ।

३. **न्यानो समशितोष्ण हावापानी:** यस खालको हावापानी १२०० मिटर भन्दा माथिको उचईमा पाईने भएको हुदा वडाको वडा नं. २ को माथिल्लो भागमा यस प्रकारको हावापानी पाईन्छ । यस उचाईमा सरदर ५°- १०° सम्म तापक्रम हुने र मनसुनि वायुको प्रभावले करिब २००० मिलिमिटरसम्म वर्षा भएको पाईन्छ ।

**भू- उपयोग (Land Use)** कूल क्षेक्रफलको ७९३४८१५ वर्ग मिटर क्षेत्रफल रहेको जम्मा खेतीका लागि योग्य मानिन्छ कुस्कोट वडाको जमिन । खेती योग्य जमिनको क्षेत्र प्रयाप्त छ । सरानीगाड तथा स्थानीय पानीका श्रोतहरुबाटयहाँका जमिन सिंचित हुने गर्दछ । तर पनि यस वडामा खेतहरुको तुलनामा पाखो निकै बढी छ । खेतका अभावमा धनाको उत्पादनको पूर्ती पाखोबाट भएको छ । बलौटे तथा पांगो माटो गरी मिश्रित खालको माटो उपलब्ध छ । पांगो माटो उपलब्ध भएतापनि यसको क्षेत्र अति कम भएको हुदा वलौटे माटोको जर्वजस्त प्रभाव देखिन्छ र तातो भन्दा बढी भाग चिसो क्षेत्रले ओगटेको यस वडाको भू- भागमा धान, गहुँका अतिरिक्त मकै, कोदो, तरकारी काउली, बन्दा, आलु, फलफूलमा सुन्तला, आँप फल्न सक्ने योग्य माटो उपलब्ध छ ।

**वडा नं ४ को अन्तरसम्बन्ध (Inter Relation):** यस वडाको अन्तरसम्बन्ध निकटका वडाहरु जस्तै, विन्धेवासिनी, नन्देगडगा, हत्तिकोट, शोडषा, ठाँटी, बाब्ला, बाजुरा जिल्लाको तोली सम्म तथा बाऱ्हविस वडा र अछामको बाब्ला वडासंग ठुलो सञ्जाल छ अन्तरसम्बन्धको ालगि । यि वडाहरु उक्त वडाका अन्तरसम्बन्धित, पारस्परिक सहयोगी, कतिपय गाविस साझा वन, समान संस्कृति भएका गाविसहरु हुन ।

**वार्ड नं. ५ विन्धेवासिनी**

**ऐतिहाँसिक पृष्ठभूमी (Historical Background):** ऐतिहाँसिक दृष्टिकोणले विन्धेवासिनी वडाको आफ्नै खालको विशेषता रहेको छ । यो वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट ९ कोष टाढा उत्तरमा अवस्थित छ । यो गाविस नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो तथा विम्कोटको केही अंश पनि यसै गाविसमा पर्दछ । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा हालको षोडशा, ठाँटी, कुस्कोट, बिन्धेवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना क्षेत्रलाई पन्ध्रबिस दरामा विभाजन गरीएको थियो भने मेल्लेखलाई १५/२० को केन्द्र भागमा राखेको देखिन्छ । दैनिक प्रशासनिक कामहरु नभएता पनि कुरा गर्ने, भेटघाट गर्ने थलोको रुपमा विकास हुदै केन्द्र भागमा रहेको हुदा पछि ईलाका सदरमुकामका रुपमा विकास गरिएको मानिन्छ ।

पञ्चायतको कालको राजनीतिक परिवेशमा तत्कालिन विम्कोटे राजाहरुको क्रिडास्थल र समग्र जिल्लाको हिसावले पिछडीएको तत्कालिन १५- २० क्षेत्र अझै विन्धेवासिनी भनेपछि विम्कोटे राजाको ठाँउ, जनता सोझा, ठाँउ विकट भन्ने अर्थबाट बुझ्ने गरिन्थ्यो तथा स्वयं विम्कोटको केही अंश यसै गाविसमा पर्ने हुदा यहाँ जनाता माथि हुने शोषण अन्य गाविसको तुलनामा अत्याधिक मानिन्थ्यो ।

विगतमा विन्धेवासिनी गाविस वर्तमानमा रहेको भौगोलिक वनावट भन्दा ठूलो रहेको बुझिन्छ । **ठू**लो गाविस तर साधन श्रोतको अभावका कारण यस गाविसले विकास निर्माणको हकमा धेरै उपलब्धि हाँसिल गर्न सकेको देखिदैन । विकास निर्माणका पूर्वाधारहरुको अभावमा जनस्तर, चेतनाकोस्तर, शिक्षा, स्वास्थ्य सबै विषयहरु प्रभावित भएको पाईन्छ । विकासको बाधकका रुपमा रहेको प्रमुख कारण भने तत्कालिन राज्य सत्ता अझै सामन्तवाद र भुरे टाकुरेराजाहरु नै भएको देखिन्छ । आफू अनुकूल उपयोग गर्ने तथा सत्तामा स्वार्थशिद्ध भएपछि जनताबाट टाढा रहन खोज्ने प्रवृत्ति भने नौलो होईन । जिल्ला सदरमुकामबाट ९ कोषको दूरीमा रहेको यस गाविसमा सरकारी सेवा प्रवाहमा भने समस्या समस्या देखिएको छ ।

सोझासाझा जनता जसलाई अनुकूलतामा उपयोग गर्न सकिने राजनीतिक विश्लेषणका आधारमा त्यस ठाँउको मूल्याङ्कन गरिने चलन लामो समयसम्म कायम रहेको थियो । यस गाविसका जनतालाई राजनीतिक मितेरी लगाई आफु

अनूकुल वनाई प्रभावमा राखि राख्न विकास भन्दा पनि टाउकेहरुसंगको मिलोमतोलाई बढि महत्व दिईन्थ्यो । २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचन पछि अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो । सरकारी नीति अनुसार विन्धेवासिनी गाउँ पञ्चायतबाट २०३९ सालमा शोडषादेखी गाउँ पञ्चायतलाई अलग गरियो । अलग भएको विन्धेवासिनीको नाम हालको वडा नं. ६ अर्थात विगतको शोडषा गाविसको वडा नं. १ बाहुनिगाँउ माथि अग्लो डाँडामा रहेको **विल्थम वा विन्द्रावासिनी तत्कालिन अवस्थामा सबैको साझा भएको हुदा विल्थमको नामबाट विन्धेवासिनी** गाउँ पञ्चायतको वर्तमान नामाकारण भएको हो । यसको केन्द्र अशुंग्रालाई मान्ने गरी २०३९साल ताका त्यहाँ पञ्चायती घर निर्माणाधिन अवस्थामा रहेको सायद अबशेष अहिले पनि देख्न पाईन्छ ।

२०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि विगतको राजनीतिक अवस्थाको समिक्षा गर्दै अघि बढेको देखिन्छ । विम्कोटे राजा स्वयं यहि गाविसको भएको हुदा विन्धेवासिनी गाविस प्रजातन्त्रको स्थापना पछिसम्म पनि सामन्तवादबाट मुक्ति पाउन सकिरहेको अवस्था देखिएन । यहाँ सम्पन्न हुने चुनावहरु विम्कोटेको प्रभावमा हुने हुदा जनता गोप्य मतदानमा समेत प्रभावित हुनु परिस्थिति अनुसार नै मान्नु पर्दछ । तर पनि २०४९ र २०५४ मा सम्पन्न स्थानीय निकाय निर्वाचनमा यस गाविबाट एमालेका क्रमश भीमबहादुर खडका र गोरखबहादुर खडका गाविसको अध्यक्ष पदमा निर्वाचित भए भने सोही गाविसका मोती सिंह अधिकारी राप्रपाबाट ईलाका नं. ४ को ईलाका सदस्यमा निर्वाचित २०५४ मा । अतः उक्त गाविस एकपछि अर्को गर्दै परिवर्तनको पक्षमा उभिएको छ । गाविसका केही वडाहरु परिवर्तनको पक्षमा उभिएको देखियो भने बाँकी वडाहरु यथास्थिति/सामन्ती प्रभाव परेको पाईन्छ । २०६२/०६३ को परिवर्तन पछि भने उक्त गाविसबाट समेत सामन्तवादको उन्मुलन भएको देखिन्छ ।

अझै २०६२/०६३ को जनआन्दोलन पछि जनतामा राजनीतिक चेतनाकोस्तर माथि उठेको छ । गाविसमा नेकपा ( एमाले), नेपाली कांग्रेस, एनेकपा माओवादी र नेकपा माओवादी क्रमश सक्रिय देखिन्छन तापनि केहि पार्टीहरुले अझै पनि जिल्लास्तरमा प्रतिनिधित्व गर्ने नेतृत्वको विकास गर्न सकिरहेको देखिदैन ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. ५ मा अवस्थित छ । मिति २०७४ असाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट नेपाली कांग्रेसका सदस्य राम बहादुर बोहरा अन्य चार सदस्य सहित निर्वाचित भएका थिए । नेपालको धार्मीक स्थल बडिमालिका मन्दिरको दर्शन गर्न जादाँ यस वडाका नि. वर्तमान वडा अध्यक्ष राम बहादुर बोहराको मृत्यु भएको हुदाँ यस वडाको कार्यबाहक अध्यक्ष को जिम्मा सोही पार्टीका वडा सदस्य रेवन्त बहादुर अधिकारीले पाएका थिए, जिम्मेवारी निर्वाह गरिरहेका छन् ।

यस वडा राजनीतिक संगै सामाजिक आन्दोलनमा समेत उक्त वडा सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त वडाको सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित वडाको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । सरकारी सेवा सुविधाको प्राप्तिका लागि सदरमुकाम मंगलसेन जानुपर्ने बाध्यता विद्यमान छ । नुन बोकेर खानु पर्ने यात्राका दिनहरुको समाप्ति भएको छैन तापनि दिनहरुको समय र यात्रा मात्र छोटिएको छ । यस क्षेत्रको प्रतिनिधि तथा ईलाका नं. ४ का राजनीतिक कार्यकर्ताको सक्रियतामा सडक यातायातकालागि राष्ट्रिय योजना आयोगले मष्टामाण्डौं शोडषा-ऋषिदहसम्मको पर्यटकीय सडकको निर्माण भईरहेको छ । यसै क्षेत्रको एमाले नेता कृष्णप्रसाद जैशी जिविसको सभापति हुदा निर्माण गरिएको २० वर्षे **जिल्ला सडक गुरु योजना** (DTMP) को मापदण्डमा दिगोपनाका लागि उक्त सडकलाई पनि समावेश गरी पर्यटकीय महत्वको वनाउने उद्देश्यले काम थालिएको छ । यस सडकले उक्त गाविसलाई दुपाल्तबाट मेल्लेखसम्मको छोटो सडक निर्माण गर्न सहयोगी भूमिका खेलेको छ ।

संचारका लागि वडाको हरेक क्षेत्रमा मोवाईल नेटवर्कले काम गरिरहेको छ । यस क्षेत्रका केही सामाजिक कार्यकर्ता तथा युवाको नेतृत्व र सक्रियतामा संचारका केही कम्पनिका टावरहरुको निर्माण भई सेवा प्रवाह भईरहेको छ ॥ भने स्वास्थ्य

सेवा मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन सरकारी योजना अनुसार प्राथमिक स्वास्थ्य केन्द्र (ईलाकास्तर) र वडाले आफ्नो पहलमा Birth in Center को स्थापना गरी सेवा प्रवाह भईरहेको छ ।

शिक्षा क्षेत्रमा भने यस वडाले फड्को मारेको देखिन्छ । ईलाका नं. ४ सबै गाविसहरु, तत्कालिन, पूर्व, निवर्तमान र वर्तमान जनप्रतिर्निधि, सामाजिक कार्यकर्ता, शिक्षक, बुद्धिजिवि, युवा र विद्यार्थी यस क्षेत्रका सबै अगुवाहरुको सहयोग र सक्रियतामा ईलाका नं. ४ को पहिलो १२ कक्षासम्मको शिक्षण संस्था वि.व्य.स. अध्यक्ष हेमराज भट्टराईको नेतृत्वमा स्थापित भयो र पछि त्यसैलाई संस्थागत गर्ने क्रममा एसएलसि बोर्ड र प्राध्यापक भीमबहादुर बुढाको सक्रियता र सबैको सहयोगमा जनशिखा क्याम्पसको स्थापित भएको छ । कक्षा १ देखि स्नातकसम्मको शिक्षा प्रदान गर्न अहिले स्थानीय श्री जनता माविको जगमा स्थापित जनता उमावि र जनशिखा क्याम्पस लगायत शैक्षिक संस्थाहरु लागि परेका छन् । ईलाकास्तरमा हुने सरकारी कार्यालयको उपश्थिति भने पातलो देखिन्छ र वित्तिय कारोवारका लागि साँफे, वयालपाटा र मंगलसेन धाउनु पर्ने विगतको वाध्यता परम्पराको रुपमा स्थापित हुने पुगेको छ ।

## २ भौगोलिक स्वरुप तथा भू- उपयोग

**भू- वनावट (Geographical Structure):** यस वडा नं. ५ जिल्लाको सदरमुकाम मंगलसेन देखि उत्तरमा पर्दछ । विन्धेवासिनी वडाको पूर्वमा वार्ड नं. ६ शोडषादेवी, पश्चिममा वार्ड नं. ८ हात्तिकोट, उत्तरमा वार्ड नं. ४ कुस्कोट कुस्कोट र दक्षिण्मा वार्ड नं. ७ यसका सिमानाहरु हुन । यस वडा समुन्द्रि सतह देखी जम्मा १६९२ मिटर उचाईमा अवस्थित भएको हुदा यस ईलाका नं. ४ का हात्तिकोट बाहेक अन्य वडाहरुको तुलनामा यस वडाको हावापानीमा तिव्र फरक भेटिदैन । वडा भवन रहेको उचाई १६९८ मिटर (समुन्द्रि सतहदेखी) मा अवस्थित छ । गाविसको अक्षांस २९⁰१५'१९.५" उत्तरी अक्षाँस देखि पूर्वी देशान्तर ८१⁰१७'११.११" रहेको छ । भने गाविसको क्षेत्रफल १४.२५ वर्ग किलोमिटर रहेको छ । भने गाविसको क्षेत्रफल १९.१२ वर्ग किलोमिटर रहेको छ । वडाको भू- गोल अधिकतम शोडषा नन्देगडाको सिमाना नजिकका केहि भागहरुको उचाई १९८० मिटर छ भने न्यूनतम विन्धेवासिनी वडाको साविक वडा नं. ९ स्थित हात्तिकोट नजिक ९२० मिटर उचाईमा रहेको हुदा यस वडामा मिश्रित खालको हावापानी पाईन्छ । वडाको पश्चिममा अर्थात नन्देगडाको वडाको सिमाना जोडिएको विम्कोटी गाड र शोडषा मुहान भई यसै वडाको वडा नं. १ बाट वग्ने सरानी गाड यहाँको पानीको मुख्य श्रोतहरु हुन । वडाको पूर्व- उत्तरबाट वग्ने सरानीगाडबाट विन्धेवासिनीलाई अध्यारोबाट उज्यालो वनाउन सहयोगी वनेका छन् । वडामा सरानी गाड पहिलो- ३२ किलोवाट क्षेमताको २०६४ मा र दोश्रो- २०७० मा सम्पन्न भई ३३ किलोवाट दैनिक विद्युत उत्पादन भईरहेको छ । वडाको केहि वस्तिहरु छुटेतापनि प्राय सबै वडास्तरमा विजुलिवत्तिको उपभोग भईरहेको छ । वनजंगलको उपलब्धता पनि प्रयाप्त नै मान्नु पर्दछ । वडाको छाप्रे, असुंग्रा क्षेत्र प्रयाप्त जंगलको क्षेत्र हो जहाँबा घाँस दाउरा, स्याउला, सोतर तथा घर वनाउन प्रयोग गरिने काठ (कुकाठ) उपलब्ध हुन्छ भने वडाको नन्देगडा- मष्टामाण्डौं वडासंग सिमाना जोडिएका वडाको भु- भाग तथा होचो भागमा साल लगायतका महत्वपूर्ण काठहरु उपलब्ध छन् ।

समुन्द्रि सतहको उचाईको बढ्दो क्रमले मानवीय सभ्यतामा समेत फरक पार्ने गर्दछ । हावापानी, संस्कृति, परामपरा, रहन सहन, लवाई खवाई तथा दैनिक क्रियाकलापहरु । ईलाका नं. ४ का हात्तिकोट बाहेक सबै वडाहरुको हावापानीमा एकरुपता प्रायः छ । अन्य ५ वडाहरुमा पाईने प्राय वनजंगल/पैदावर यहाँ पाईन्छन । पश्चिम- उत्तरमा यस वडाको मोहडा रहेको छ । यसर्थ उक्त वडामा मिश्रित खालको हावापानी पाईन्छ । वडाको भू- गोल भिरालोपानमा आधारित छ । वडाका अन्य वडामा झैं ९ र ७ मा पानीको अभावका कारण सिंचाईको सुविधा प्रयाप्त सुविधा छैन । काम गरे अनुसार वा श्रममा आधारित प्रतिफल पाईन्छ यस वडाको कृषि उत्पादनबाट । खेतहरुको संख्या न्यून भएतापनि पाखोब्वारीमा समेत धान राम्रै फल्दछ । धान, गहुँ, कोदो, मकै, आलु, यस वडाका मुख्य वालि हुन । भौगोलिक सूचना

प्रणाली (GIS) का आधारमा विन्ध्येवासिनी वडा को भू-उपयोग जम्मा ६ खालको जमिन तथा जंगलको मापदण्ड (श्रोत नक्शा देखाईए बमोजिम) भित्र पर्दछ ।

वडामा भट्टराई, खड्का, अधिकारी, रोकाया, शाह, साँउद, बोहोरा, दमाई, सार्की मुख्य जाती भएता पनि सबैको परम्परा र संस्कृतिमा सामान्य मात्र विविधता छ । तर चाँड पर्वहरु भने अधिकतम साझा प्रकारका छन् । मेल्लेखको रोटे, जाव्लाको पञ्चमी, काटेगाँउ र खिमाडा, सरानीको दशै तथा माघे संक्रान्ति, विष्शु, चैतला, होली (होरी) न्याउले खेल, भारी खेल आदि मुख्या चाँडपर्वहरु भित्र पर्दछन । वडामा पर्ने चाँड पर्वहरुमा सवै एकजुट भई समान दायित्वकासाथ वडाका दाजुभाईहरुले मिलेर मनाउने गर्दछन् । चौखुट्टे, डाँडाको खापर, भण्डारकोटी माई मुख्य देवी तथा देउता भित्र पर्दछन् ।

वडाको उचाईका कारण यस वडामा दुई खाले हावापानीको उपलब्धता देखिन्छ ।

१. **बेंसी क्षेत्रः** अछाम जिल्लाका प्रमुख नदि र किनारमा पर्ने भू-गोल यस क्षेत्रमा समेटिएको हुन्छ । अछाम जिल्लाको परिबेशमा कर्णाली, बुढीगंगाका किनारको सबै क्षेत्र यस भित्र पर्दछ भने कैलाश खोलाको केहि भागहरु तथा जिल्लाका अन्य होचो भागहरु पनि यसमा समावेश गरिएका छन् । यसको अकितम उचाई १२०० मिटर भन्दा कम हुन्छ । उचाई कम भएको हुदा यहाँ तापक्रममा पनि अन्य स्थानहरुमा भन्दा गर्मी हुन्छ । ३०° सेण्टिग्रेड बढ्ने गरी गर्मी हुन्छ भने हिउदमा २०° सम्म तापक्रम रहने गर्दछ भने यस उचाईको अधिकतम क्षेत्रमा २००० मिलिमिटरसम्म पानि पर्दछ ।
२. **न्यानो समशितोष्ण हावापानीः** समुन्द्री सतहदेखी १२०० देखि २१०० मिटरसम्मको उचाईमा उपलब्ध हुने हावापानी यस वडामा उपलब्ध छ । उचाईको वृद्धिका कारण वर्षायाममा २००० मिलिमिटरसम्म पानी पर्ने तथा अधिकतम तापक्रम १५°- २५° सेण्टिग्रेडसम्म यहाँको तापक्रम हुने गर्दछ भने हिउमा ५°-१०° सेण्टिग्रेडसम्म तापक्रम रहने गर्दछ । यस प्रकारका हावापानीलाई उपयुक्त हावापानी मान्ने गरिन्छ ।
३. **ठण्डा शितोष्ण हावापानीः** यस खालको हावापानी २१००- ३३०० मिटरसम्मको उचाई उपलब्ध हुने गर्दछ । यस उचाईको क्षेत्रमा गर्मीयाममा अधितम १५° सेण्टिग्रेडसम्म तापक्रम तथा हिउदमा ५° भन्दा कम तापक्रम उपलब्ध हुने गर्दछ भने पानी १५०० मिलिमिटरसम्म रहने गर्दछ ।

**भू- उपयोग (Land Use):** विन्ध्येवासिनी वडामा कूल क्षेक्रफलको ६५५५.९५ वर्ग मिटर क्षेत्रफल जमिन खेतीका लागि योग्य मानिन्छ । यस वडामा बलौटे माटोको बाहुल्यता छ । खेती योग्य जमिनको क्षेत्र प्रयाप्त छ तर अप्रयाप्त सिंचाईको सुविधा कृषि उत्पादनको बाधक वनेको छ ।

**वडा नं ५ को अन्तरसम्बन्ध (Inter Relation):** यस वडाको अन्तरसम्बन्ध निकटका वडाहरु जस्तै, मष्टामाण्डौं, नन्देगडा, कुस्कोट, शोडषा, हात्तिकोट वडाहरु हुन । उक्त वडाहरु अन्तरसम्बन्धित, पारस्परिक सहयोगी, साझा वन, समान संस्कृति भएका गाविससंगै यस गाविसको अस्तित्व पनि स्थापित भएको छ ।

## वार्ड नं. ६ षोडशादेवी

## १.२ ऐतिहाँसिक पृष्ठभूमी (Historical Background)

ऐतिहाँसिक दृष्टिले षोडशादेबी वडाको आफ्नै खालको विशेषता रहेको छ । यो वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट ११ कोष टाढा उत्तर पुर्वमा अवस्थित छ । यो गाविस नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा षोडशा, ठाँटी, ऋषिदह, कुस्कोट, बिन्ध्येवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना क्षेत्रलाई पन्ध्रबिस दरा भनिन्थ्यो ।

पञ्चायतको कालको राजनीतिक परिवेशमा तत्कालिन विम्कोटे राजाहरुको क्रिडास्थल र समग्र जिल्लाको हिसावले सोझा साझा जनता जसलाई जता पनि लगाउने सकिने राजनीतिक विश्लेषणका आधारमा त्यस ठाँउको मूल्याङ्कन गरिने चलन लामो समयसम्म कायम रहेको थियो । यस गाविसका जनतालाई राजनीतिक मितेरी लगाई आफु अनूकुल वनाई प्रभावमा राखि राख्न विकास भन्दा पनि टाउकेहरुसंगको मिलोमतोलाई बढि महत्व दिईन्थ्यो । यस गाविसको नामाकरण २०१८ बैशाख १ गते मुलुकमा अञ्चल, जिल्ला र ग्राम पञ्चायत विभाजन गर्ने अवधारणासंगै नवाघर, माडीगडा, झडिगाउँ, कालापातल, कराले र बाईगाउँलाई जोडी सबै गाउँको मध्ये भागमा पर्ने तथा घनाबस्ती भएको आधारमा माडीगडा ग्राम पञ्चायतको निर्माण गरियो । २०३२ सालमा गाउँ पञ्चायत हेरफेर गर्ने क्रममा मेल्लेख र माडीगडा गाउँ पञ्चायतलाई एउटैमा जोडी बिन्द्रावासिनी देबी (हालको बिल्थम शोडषा- १) लाई आधार बनाई बिन्द्रावासिनी गाउँ पञ्चायत नामाकरण गरियो । २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचनमा अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो । गाउँ पञ्चायतको संख्या बृद्धि गर्ने क्रममा बिन्द्रावासिनी गाउँ पञ्चायतवाट अलग्याइयो । बिन्द्रावासिनी गाउँ पञ्चायतवाट अलग्याएर छुट्टै गाउँ पञ्चायत बनाउदा नवाघरमा अवस्थित षोडशादेबी मन्दीरको नामवाट षोडशादेबी गाउँ पञ्चायत नाम राखियो । वहुदलिय व्यवस्थाको स्थापना संगै पञ्चायती व्यवस्थाको अन्त्य भए पछि षोडशादेबी गाउँ विकास समितिमा परिणत गरियो । शोडषादेबी मन्दिरको नामवाटै यस गाविसको नामाकरण शोडषादेबी रहेको हो ।

पञ्चायत तथा पुर्वावस्थामा यस साविकको गाविस राजनीति थिचोमिचोबाट उम्किन खोज्नु स्वभाविक थियो । २०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि विगतको राजनीतिक अवस्थाको समिक्षा गैं अघि बढेको देखिन्छ । जहाँ उत्पिडन हुन्छ भन्ने त्यहाँ क्रान्तिको थालनी हुन्छ भने झै यस गाविसमा पूर्व पञ्चहरुलाई परास्त गर्दै परिवर्तको पक्षमा जनताहरुको बहुमत अभिमत प्रकट भयो । आफैले चुनेर पहिलो र दोश्रो (२०४९र २०५४) स्थानीय निकाय निर्वाचनमा क्रमश ११/४७ सिट प्राप्त गर्न सफल भए यहाँका जनताहरु ।

त्यसै गरी सोही साविक गाविस वार्ड नं. १ का कृष्ण प्रसाद जैशीलाई जिविसको सभापति जस्तो गरिमामय पदमा निर्वाचित गराउन यहाँका जनताहरुले महत्वपूर्ण भुमीका खेले भने गाउँपालिका अध्यक्ष लोकबहादुर बोहरा समेत यसै वडा निवासि हुन । यस वडा राजनीतिक हिसाबले अग्रस्थानमा रहेको छ । यसको जगमा यहाँको राजनीतिक चेतना अन्य गाविसको तुलनामा माथि उठेको छ भने उक्त यहाँबाट नेकपा (एमाले) र एनेकपा (माओवादी) पार्टीको तर्फबाट महिला सहित युवा पुस्ताका केही नेताहरु जिल्लाको नीति निर्माण तहमा आज पनि सहभागि छन् । द्वन्दकालिन समय संगै भएको हुदा प्रयाप्त विकासका कार्यहरु गर्न अप्ठेरो पर्नु स्वभाविक थियो जसबाट सिङ्गो देश प्रभावित थियो तथापी यहाँबाट जिल्लास्तरमा नेतृत्व गर्ने र नीति निर्माण तहमा संक्रमणकालिन परिस्थितिमा पनि गाविसका निम्ति काम गर्ने कार्यमा त्यहाँका अगुवाहरु लागिरहेका छन् । राजनीतिक चेतनासंगै सामाजिक चेतनामा पनि बृद्धि भएको देखिन्छ । परम्परामा आधारित छाउपडी प्रथाको अन्त्य पूर्ण खोप युक्त, खुला दिशामुक्त गाविसको घोषणा सामाजिक क्रान्तिका केही उदाहरणहरु हुन । विगतमा एसएलसि पास गरिसके पछि आफ्ना छोराछोरीलाई कहाँ पठाउने भन्ने बाध्यता टरेको छ । हिरण्ड भट्टराईको सक्रियतामा नन्देश्वरी माविलाई उच्च माविसम्म पुर्‍याई कक्षाहरु संचालन भई रहेको यस विद्यालयमा पुनः उनकै पहलमा हाल उक्त विद्यालय CTEVT अन्तर्गत डिप्लोका तहसम्म कक्षा सञ्चालनका अनुमति पहल भईरहेको छ भने राष्ट्रिय मापदण्डको फुटबल ग्राउण्ड समेत निर्माणधिन अवस्थामा रहेको छ जसलाई यहाँको युवा नेतृत्वको सफल कार्यका रुपमा लिइएको छ भने युवा नेतृत्वकै पहलमा साँफेवगरबाट नुन ल्याई खानु पर्ने बाध्यतालाई हटाउन क्षेत्रीय सडकको निर्माण, सुरक्षित मातृत्वका लागि (Birth In Center) को स्थापना आदि विकासका निम्ति गरिएका केहि उदाहरणह हुन । त्यसैले २०६२/०६३ को जनआन्दोलन पश्चात्त उक्त वडामाा केही कार्यहरुको सुभारम्भ भएको मान्न सकिन्छ ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. ६ मा अवस्थित छ। मिति २०७४ असाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट तत्कालिन नेकपा (एमाले)तथा वर्तमान नेकपाका सदस्य नरपति रावल अन्य चार सदस्य सहित निर्वाचित भएका थिए । साथै यहि वडा निवासी कुईचे लुहार र हिमसरा देवि खड्का गाउँ कार्यपालिका सदस्य समेत रहेका छन भने वीर बहादुर बोहरा न्यायपालिका सदस्य छन् ।

## वार्ड नं. ६

## २ भौगोलिक स्वरुप/ढालको अवस्था (Geographical Structure, Slope and Land Use)


यस वडा जिल्ला सदरमुकाम मंगलसेनबाट उत्तरमा पर्दछ भने मेल्लेखबाट पूर्वमा पर्दछ। यस वार्ड नं. ६को पूर्वमा भने रामारोशन गाउँपालिका वार्ड नं. ७ सुतार पर्दछ भने केहि भाग वार्ड नं. ६ भाटाकाटियाको पनि पर्दछ। पश्चिममा वार्ड नं. ५ तथा दक्षिण पश्चिममा वार्ड नं. ७ नन्देगडा पर्दछ । उत्तरमा वार्ड नं. १ ऋषिदह, उत्तर पूर्वमा वार्ड नं. २ ऋषिदह, उत्तर पश्चिममा वार्ड नं. ३ ठाँटी र दक्षिणमा वार्ड नं. ७ नन्देगडा तथा दक्षिण पूर्वको केहि भाग वान्निगढी जयगढ गापाको दर्ना यस वडाका सिमानाहरु हुन । १७१० मिटर उचाईमा रहेको यस वडाको अक्षांस २९$^{0}$१४.४'४३.०९'' उत्तरी अक्षाँस देखि पूर्वी देशान्तर ८१$^{0}$१६.९'६.९'' रहेको छ ॥ भने गाविसको क्षेत्रफल ३०.०८ वर्ग किलोमिटर रहेको छ।

धरातलयिस्वरुपको बारेमा अधिक जानकारी राख्न खोज्दा नेपालको धरातलीस्वरुपलाई अध्ययन गर्न पनि त्यतिकै सान्दर्भिक हुन्छ। यसबाट आफू रहेको स्थानका वारेमा थाहा पाउन सजिलो पर्दछ।

नेपाल धरातलिय विविधतायूक्त मूलूक हो । विश्वको सर्वेच्चस्थान सगरमाथा (८८४८मी.) देखि समुद्र सतहदेखि ५९ मी. मात्र उचाई भएको स्थान (धनूषाको मूसहरनीय ५९ मी.) समेत रहेको छ । यस विविधताका कारणले नेपालको भु- भागलाई निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ ।

१. हिमालि क्षेत्रः नेपालको कूल भू-भागको १५ प्रतिशत ओगटेका यस प्रदेशमा समुद्र सतह देखी करब ३००० मिटर देखी ८८४८ मिटरसम्मको भू- भाग पर्दछ। अछाम जिल्ला यस क्षेत्रमा पर्दैन ।


२. पहाडी क्षेत्रः कुल भु- भागको ६८ प्रतिशत ओगटेको यस भु भागमा समुद्र सतहदेखि करिब ६०० मिटर देखि ३००० मिटर सम्म उचाई भएको भु- भागहरु यस क्षेत्रमा पर्दछन् । यस प्रदेशमा नेपालका ५ वटै विकास क्षेत्रका सदरमूकामहरु तथा ४९ वटा जिल्लाहरु प्रर्दछन् । यस प्रदेशमा अग्ला एवम होचा पहाड, उपत्यका, टार, दून तथा वेंसीहरु रहेका छन् । काठमाडौ, पोखरा जस्ता



प्रसिद्ध उपत्यकाहरु यसै क्षेत्रमा पर्दछन् । यस खालको मुख्य भूमीमा आवादी र खेतीपाती राम्रो हुने गर्दछ । धेरै चिसो वा गर्मी नहुने यस खालको हावानीयुक्त क्षेत्र अछाम जिल्ला र यसका सम्पुर्ण वडाहरु पर्दछन, शोडषादेवी पनि ।

३. तराई क्षेत्रः कुल भु- भागको १७ प्रतिशत ओगटेको तराई क्षेत्रमा समुद्र सतहदेखी ५९ मिटर देखी ६०० मिटरसम्म उचाई भएका भु- भागहरु पर्दछन । अछाम जिल्लाका खास गरी कर्णाली नदिसम्म जोडीएको विनायक वडाको वेलखेत ६९१ मिटर, कैलाशखोलाको सडक पुल भएको ठाँउ ६६९ मष्टामाण्डौं वडा भवन ५८२ मिटर शिद्धेश्वर वडाको बसपार्क ६११ मिटर र बैनाथ वडाको वडा भवन ६१३ मिटरमा अवस्थित छन् । मष्टामाण्डौं वडा भवन भने तराई क्षेत्रको उचाँईको मापदण्ड भित्र अवस्थित भएतापनि यसका ९५ प्रतिश भु-भागहरु तराई क्षेत्रका मापन भित्र पर्दैनन् । शोडषादेवी वडाको कुनै पनि भाग यस क्षेत्र भित्र पर्दैनन ।

धरातलीय ढाल (Land Slope) को अवस्था समुन्द्रि सतहबाट वृद्धि हुदै गएको उचाईसंग सम्बन्धित विषय भएकाले हुदा सम्बन्धित भौगोलिक क्षेत्रको धरातलीय अवस्था पनि यसै भित्र पर्दछ । अछाम जिल्लाको कूल भू-भाग ५०.८७





प्रतिशत ३०$^{0}$ भन्दा बढी भिरालोपनमा पर्ने हुदा यस वडाको भू- भाग पनि यहि तथ्याङ्क भित्र समावेश गर्नु पर्ने हुन्छ ताकि उक्त क्षेत्रको भिरालोपन विश्लेषण तथा जानकारी प्राप्त गर्न सहज हुन्छ । भिरालोपन भौगोलिक वातावरणसंग प्रत्येक्ष सम्बन्ध राख्दछ । हावापानीमा यसको प्रत्येक्ष असर (Direct Impact) पर्ने हुदा यस सम्बन्धि तलको नक्शाहरु (२ किलोमिटर, स्केलमा): मा उपयुक्त हुन्छ ।

यस वडाको भौगोलिक वर्गिकरण: वर्ग र यसको हावापानिमा प्रभाव
(Geographical Classification, Class and Impact on Climate)

शोडषा वडाको सिमाना भित्र पर्ने भिरालोपनका कारण भौगोलिक वनावट, हावापानिको प्रभाव
(Slope Land: Geo Structure, Impact on Climate in teritory of Shodsasadevi)

मल्लेख गाउ



भौगोलिक वनावट र भू- वर्ग

(Geographical Structure and Land Class)




ढालको (Land

शोडषाको धरातलीय अवस्था Slope in Degree)

**वडा नं ४ को**

**वार्ड नं. ६ को अन्तरसम्बन्ध (Inter Relation):** यस वडाको अन्तरसम्बन्ध निकटका वडाहरु जस्तै, विन्धेवासिनी, नन्देगडगा, हत्तिकोट, वान्निगढी जयगढको तिमिल्सेन, कालिका, दर्ना, ठाँटी, बाब्ला, बाजुरा जिल्लाको छतारा, तोली, कुलदेउमाण्डौं, कैलाशमाण्डौंसम्म तथा बाऱ्हविस वडा र रामारोशनको सुतार, भाटाकाटिया, बाटुलासेनसंग ठुलो सञ्जाल छ अन्तरसम्बन्धको लागि । यि वडाहरु उक्त वडाका अन्तरसम्बन्धित, पारस्परिक सहयोगी, कतिपय गाविस साझा वन, समान संस्कृति भएका गाविसहरु हुन ।

**वार्ड नं. ७ नन्देगडा**

**ऐतिहाँसिक पृष्ठभूमी (Historical Background):** ऐतिहाँसिक दृष्टिकोणले नन्देगडा वडाको आफ्नै खालको महत्व र विशेषता रहेको छ । यो वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट ७ कोष टाढा उत्तरमा अवस्थित छ । यो गाविस नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको तथा विम्कोटको केही अंश यस गाविसमा पर्दछ । शासनसत्तामा प्रभावित गर्न सहज हुने दृष्टिकोणले यस क्षेत्रका विन्धेवासिनी, हात्तिकोट, नन्देगडा तथा मष्टामाण्डौं गाविसमा आफ्नो उपश्थिति जनाउन यि चार वटै गाविसहरुको वासिन्दाका रुपमा आफुलाई चिनाउन सहयज हुने गरी विम्कोटलाई उल्लेखित सबै गाविसहरुले छुने गरी सिमाना

निर्धारण गरिएको एकथरी भनाई छ । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लाका विभिन्न गाँउ वस्तिहरुलाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा हालको षोडशा, ठाँटी,शोडषादेबी, कुस्कोट, बिन्धेवासिनी, हात्तीकोट, नन्देगडा, मष्टामाण्डौं र नवाठाना क्षेत्रलाई समेटी पन्ध्रबिस दरा (क्षेत्र) मा विभाजन गरीएको देखिन्छ ।

अर्को अर्थमा भन्दा नन्देगडा गाविस पनि तत्कालिन बिम्कोटको क्रिडास्थलका रुपमा लिईन्छ । समग्र जिल्लाको हिसावले पिछडीएको, तत्कालिन १५- २० क्षेत्र अझै नन्देगडा भनेपछि विम्कोटे राजाको ठाँउ, जनता सोझा, ठाँउ विकट भन्ने अर्थबाट बुझ्ने गरिन्थ्यो तथा स्वयं विम्कोटको केहीअंश यसै गाविसमा पर्ने हुदा यहाँ जनाता माथि हुने शोषण अन्य गाविसको तुलनामा अत्याधिक मानिन्छ ।

गाविसको भू- गोल क्षेत्र ठूलो भएतापनि साधन श्रोतको अभावका कारण यस गाविसले विकास निर्माणको हकमा धेरै उपलब्धि हाँसिल गर्न सकेको देखिदैन । विकास निर्माणका पूर्वाधारहरुको अभावमा जनस्तर, चेतनाकोस्तर, शिक्षा, स्वास्थ्य सबै विषयहरु प्रभावित भएको पाईन्छ । विकासको बाधकका रुपमा रहेको प्रमुख कारण भने तत्कालिन राज्य सत्ता अझै सामन्तवाद र भुरे टाकुरेराजाहरु नै भएको देखिन्छ । आफू अनुकूल उपयोग गर्ने तथा सत्तामा स्वार्थशिद्ध भएपछि जनताबाट टाढा रहन खोज्ने प्रवृत्ति भने नौलो होईन । जिल्ला सदरमुकामबाट ९ कोषको दूरीमा रहेको यस गाविसमा सरकारी सेवा प्रवाहमा भने समस्या समस्या देखिएको छ । सोझासाझा जनता जसलाई अनुकूलतामा उपयोग गर्न सकिने राजनीतिक विश्लेषणका आधारमा त्यस ठाँउको मूल्याङ्कन गरिने चलन लामो समयसम्म कायम रहेको थियो । यस गाविसका जनतालाई राजनीतिक मितेरी लगाई आफु अनूकुल वनाई प्रभावमा राखि राख्न विकास भन्दा पनि टाउकेहरुसंगको मिलोमतोलाई बढि महत्व दिईन्थ्यो । २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचन पछि अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो ।

यस गाविसमा क्षेत्री, दलित र बाह्मण जातिको बसोबास रहेको छ । क्षेत्री जातिमा साउद, बुढा, महर, खत्री र रावल रहेका रहेका छन् । त्यसैगरी दलितमा दमाई, भुल, लुहार आदि रहेका छन् भने बाह्मण जाति उपाध्याय र जोसी रहेका छन् । यस गाविसका ९० प्रतिशत मानिसहरुको मुख्य पेशा कृषि रहेको छ । रोजगारीको लागि भारत मुख्य गन्तव्य स्थलको रुपमा रहेको छ ।

यस गाविसको नाम कसरी रहन गयो भन्ने विषयमा कुनै ऐतिहासिक तथ्य भेटिदैन । यसको नामको विषयमा विभिन्न मतहरु रहेका पाईन्छ । एक थरीको मत अनुसार आज भन्दा करीव ३०० वर्ष पहिले अठाडे साविकको वडा नं. ७ मा एक जना दलित (दमाई) थरका व्यक्तिको घरमा नूनको अभाव भएपछि नूनको खोजीमा बुडाबाडा भन्ने ठाउामा ( साविकको वडा नं. ४) पुगे । त्यहाा एक जना हुनेखाने बुढा थरका व्यक्तिको घरमा नून मागे तर त्यहाा उनलाई सजिलै नून प्राप्त हुन भएन । चलाख ती व्यक्तिले नून प्राप्त गर्न एउटा जुक्ति निकाल्ने सोच बनाए । उनले नूनको समस्याबाट पार पाउन नून छर्ने (विउा उमार्ने) र त्यसबाट नून उत्पादन गर्ने त्यसको लागि बीउाको रुपमा केही नूनको आवश्यकता पर्ने कुरा बताए । सो कुराले ती बुढा दम्पतिमा लोभ लागि बीउाको लागि नून दिने सहमती जनाए । उक्त गडामा नून छर्ने काम सकिएपछि ती चलाख व्यक्तिले अव यो ठाउामा एक हप्तासम्म कसैले पनि आाखाले हेर्न हुदैन हेरेपछि बिउा उम्रिदैन भनी त्यहााबाट गए र राती आई त्यहाा भएको सबै नून टिपेर घरमा लगी केही आफूले र केही छिमेकीलाई समेत वितरण गरे । एक हप्तापछि नून दिने बुढा दम्पति सो जमीनमा हेर्न जादा नून उम्रेको पनि देखेनन् र छरेको नून पनि भेटाएनन् । त्यसैबेला देखि **नुन खाने गडो**को नामबाट प्रसिद्धि कमाउदै नन्देगडा रहन गएको भन्ने किम्वदन्ति छ ।

अर्को थरीको मत अनुसार धेरै पुरानो समयमा **नन्दी साउँद** नामकी एकजना देउडा गायिका थिईन । उनलाई देउडा गीतमा कसैले पनि जित्न नसक्ने भएकोले उनको प्रसिद्धि त्यसबेला निकै टाढासम्म फैलिएको थियो रे । उनीसंग देउडा खेल्न टाढाटाढा सम्मका मानिसहरु आउथे र हालको वडा नं. ४ मा रहेको फराकिलो गडा (सम्म ठाउँ) मा न्याउले (देउडा) खेल्ने गर्थे । त्यसरी न्याउले (देउडा) खेल्ने क्रममा नन्दीगडा रहन गयो र पछि अपभ्रंस हुदै नन्देगडा रहन गएको किम्वदन्ति रहेको छ ।

२०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि विगतको राजनीतिक अवस्थाको समिक्षा गर्दै अघि बढेको देखिन्छ । विम्कोटे राजा स्वयं यहि गाविसको भएको हुदा नन्देगडागाविस प्रजातन्त्रको स्थापना पछिसम्म पनि सामन्तवादबाट मुक्ति पाउन सकिरहेको अवस्था देखिएन । यहाँ

सम्पन्न हुने चुनावहरु विम्कोटेको प्रभावमा हुने हुदा जनता गोप्य मतदानमा समेत प्रभावित हुनु परिस्थिति अनुसार नै मान्नु पर्दछ । तर पनि २०४९ र २०५४ मा सम्पन्न स्थानीय निकाय निर्वाचनमा यस गाविबाट एमालेका जोगी साँउद र प्रेम महर गाविसको अध्यक्ष पदमा निर्वाचित भए । स्थानीय निकायको निर्वाचानमा यस गाविसमा एकपछि अर्को गर्दै परिवर्तनको पक्षमा उभिएको छ । गाविसका अधिकांश वडाहरु परिवर्तनको पक्षमा उभिएको देखियो भने बाँकी वडाहरु यथास्थिति/सामन्ती प्रभाव परेको पाईन्छ । २०६२/०६३ को परिवर्तन पछि भने उक्त गाविसबाट समेत सामन्तवादको उन्मुलन भएको देखिन्छ ।

अझै २०६२/०६३ को जनआन्दोलन पछि जनतामा राजनीतिक चेतनाकोस्तर माथि उठेको छ । गाविसमा (एमाले), नेपाली कांग्रेस, एनेकपा माओवादी र नेकपा माओवादी क्रमश सक्रिय देखिन्छन तापनि एमाले बाहेक अन्य राजनीतिक पार्टीहरुले अझै पनि जिल्लास्तरमा प्रतिनिधित्व गर्ने नेतृत्वको विकास गर्न सकिरहेको देखिदैन ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. ७ मा अवस्थित छ । यहाँ साविक वार्ड नं. १ मा जन्मिएकी मिना साँउद हाल ने क पा नेतृ प्रदेश सभाको सदस्य छिन भने  मिति २०७४ अषाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट तत्कालिन नेकपा (एमाले)तथा वर्तमान नेकपाका सदस्य नरबहादुर साउद अन्य चार सदस्य सहित निर्वाचित भएका थिए सोही पार्टीबाट यहि वडा निवासी जमुना देवि दमाई गाउँ कार्यपालिका सदस्य समेत रहेकि छिन ।

सामाजिक आन्दोलनमा समेत यस वडा सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त वडाको सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित गाविसको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । सरकारी सेवा सुविधाको प्राप्तिका लागि सदरमुकाम मंगलसेन जानुपर्ने बाध्यता विद्यमान छ । नुन बोकेर खानु पर्ने यात्राका दिनहरुको समाप्ति भएको छैन तापनि दिनहरुको समय र यात्रा मात्र छोटिएको छ । वर्षायाममा सडकको नियमित सञ्चालन हुन सकिरहेको छैन । यस क्षेत्रको जनप्रतिनिधि र ईलाका नं. ५ का राजनीतिक कार्यकर्ताको सक्रियतामा सडक यातायातका लागि राष्ट्रिय योजना आयोगले मष्टामाण्डौं शोडषा- ऋषिदहसम्मको पर्यटकीय सडकको निर्माण भईरहेको छ । यसै क्षेत्रको एमाले नेता कृष्णप्रसाद जैशी जिविसको सभापति हुदा निर्माण गरिएको २० वर्षे **जिल्ला सडक गुरु योजना** (DTMP) को मापदण्डमा दिगोपनाका लागि उक्त सडकलाई पनि समावेश गरी पर्यटकीय महत्वको वनाउने उद्देश्यले काम थालिएको छ । यस सडकले उक्त वडालाई शोडषा, विन्धेवासिनीको मुख्यस्थलको रुपमा विकास हुदै गएको छ । वर्दादेवी, नन्देगडा, विन्धेवासिनी, शोडषा सडकको समेत केन्द्र भागमा पर्ने यस गाविसको आगामी दिनहरु भने उज्जवल देखिन्छन ।

संचारका लागि वडाको हरेक क्षेत्रमा मोवाईल नेटवर्कले काम गरिरहेको छ । यस क्षेत्रका केही सामाजिक कार्यकर्ता तथा युवाको नेतृत्व र सक्रियतामा संचार, स्वास्थ्य सेवा (मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन) Birth in Center, उप-स्वास्थ्य चौकी तथा स्थानीय सरकारको प्रतिनिधि गाविसबाट सेवा सेवा प्रवाह भईरहेको छ ।

शिक्षा क्षेत्रमा भने विगतको भन्दा स्कुल जाने विद्यार्थीहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ । स्थानीय दुर्गादेवी प्राविको स्तरोन्नती र श्रेणि वृद्धि गरी माविसम्मको शिक्षा प्रदान गरिदै आएको छ  भने थप शिक्षाको लागि छिमेकी गाविस विन्धेवासिनी जाने गर्दछन् । तर वत्तिय कारोवारका लागि भने साँफे, वयालपाटा र मंगलसेन धाउनु पर्ने विगतको वाध्यता परम्पराको रुपमा स्थापित हुने पुगेको छ ।

## २ भौगोलिक स्वरुप तथा भू- उपयोग

**भू- वनावट (Geographical Structure):** यस वडा मेल्लेखबाट दक्षिणमा पर्दछ । यसको पूर्वमा शोडषादेवी तथा केहि भाग बान्निगढी जयगढ गापा, पश्चिम साफेवगर नगरपालिका वार्ड नं. ४र५, वार्ड नं. ५ मेल्लेख तथा दक्षिणमा बान्निगढी जयगढ गाउँपालिका यहाँका सिमानाहरु हुन । यस वडा समुन्द्रि सतह देखी जम्मा १६९६ मिटर उचाईमा

अवस्थित छ । यस वडाको कार्यालय रहेको स्थान अक्षांस २९$^{0}$१३'४२.४" उत्तरी अक्षाँस देखि पूर्वी देशान्तर ८१$^{0}$१६'५५.३" रहेको छ । भने गाविसको क्षेत्रफल २०.६३ वर्ग किलोमिटर रहेको छ । तत्कालिन शासकहरुले भू-गोलका हिसाबले यस वडालाई **पन्ध्र विस** समावेश गरेको भएतापनि उक्त वडा ईलाका नं. ५ को विकट र दुर्गममा पर्दछ । वडाको भू- गोल अधिकतम शोडषा वडाको वार्ड नं. १ सम्म सिमाना जोडिएको क्षेत्रको उचाई २३४० तथा गाज्रा वडासंग सिमाना जोडिएको वार्ड नं. ६ को हाचो भाग ९०० तथा विन्ध्ेवासिनी वडासंग सिमान जोडिएको वार्ड नं. ८ को होचो भागको उचाई १०६० मिटर रहेको छ, समुन्द्री सतहबाट । वडामा पानीको टुक्रे श्रोतहरुको उपलब्धता भएतापनि साना- साना खोलाहरुको बाहुल्यता छ तापनि पर्याप्त श्रोतको अभाव छ । वनजंगल उपभोगको मात्रामा छ भने भएको वनजंगल पनि पनि केही दूरीमा पर्दछ । वडा क्षेत्रमा उपलब्ध जंगल र उपभोगका आधार तथा वडाको विभिन्न क्षेत्रको उचाईको विविधताले जंगल तथा पानीका श्रोतहरु प्रत्यक्ष प्रभावित भएको मानिन्छ । दक्षिण पूर्वमा पर्ने जंगल (वर्दादेवी शोडषाको सिमानासंग जोडिएको जंगलको क्षेत्र प्रयाप्त भएता पनि उक्त क्षेत्र वर्दादेवी वडाले बढी उपभोगमा ल्याउने गरेको देखिन्छ) जहाँ कुकाठ प्रयाप्त मात्रामा उपलब्ध छ । नन्देगडा तथा वर्दादेवी वडामा हुने पिउने पानीका अभावको समाधान पनि यहाँको मुहान र पानिको श्रोत नै हो जसलाई छिपेखालाको मुहान पनि भनिन्छ । अर्कोतिर विन्ध्ेवासिनीको सिमानासंग जोडिएको उक्त वडाको वडा नं. ८ को भू- भागबाट वग्ने विम्कोटी गाडको मुहान पनि नन्देगडा वडा नै हो तर यहाँको पानी पनि यस वडाको प्रयोजनमा कमै मात्रामा आएको देखिन्छ । चाहे सिंचाई, विद्युत वा अन्य कुनै प्रयोजन । यसरी पानीको श्रोतहरु वर्गिकृत हुदा विजुली उत्पादनमा भने कुनै खोला उपयोगी हुन सकेको छैन । वडामा भू- गोलका विविधताका आधारमा वनपैदावरमा पनि विविधता छ । सामान्य अर्थमा यस वडाको टोटीमुंग्रामा उपलब्ध हुने काठका वडा नं. ६ तथा ८ को भू- भागमा उपलब्ध छैन । होचो भागमा भने सालको काठ समेत उपलब्ध छ । वडाको मोहडा उत्तरतिर बढी ढल्केको छ तापनि केही भाग पुर्व तथा केही भाग दक्षिण्मा पनि पर्दछ । अग्लो हुदा वडाको माथिल्ला भागमा अर्थात नन्देगडा वजारसम्म हिंउ पर्दछ भने तल्लो भागहरु छिपेखालोका छेउ र विम्कोटी गाड नजिकका गाँउ खलागडासम्म हि उभने पुग्दैन । छिपेखोलाका छेउको भू- भागहरु भन्दा विम्कोटीगाडको सतहमा बढि चिसो हुन्छ । त्यसो हुनोले यस वडामा मिश्रित हावापानी पाईन्छ । समुन्द्रि सतहको उचाईको बढ्दो क्रमले मानवीय सभ्यतामा, संस्कृति तथा रहन सहन, लवाई खवाई तथा दैनिकि। ईलाका नं. ५ का अन्य वडाहरुको तुलनामा उक्त वडामा चिसो बढी हुन्छ । नन्देगडाबाहेक सबै वडाहरुको हावापानीमा एकरुपता प्रायः छ । अन्य ५ वडाहरुमा पाईने प्राय वनजंगल/पैदावरमा विविधता छ । यसर्थ उक्त वडामा मिश्रित खालको हावापानी पाईन्छ । बलौटे माटोको बाहुल्यता रहेको वडाको उर्वरा शक्ति निम्नस्तरको मानिन्छ भने भू- गोल भिरालोपानमा आधारित छ । खेतहरुको संख्या न्यून भएतापनि पाखोबारीमा समेत धान राम्रै फल्दछ । धान, गहुँ, कोदो, मकै, आलु, यस वडाका मुख्य वालि हुन । भौगोलिक सूचना प्रणाली (GIS) का आधारमा नन्देगडा वडा को भू-उपयोग र वर्गिकरण श्रोत नक्शा नं. २ मा उल्लेख भए बमोजिम पाईएको छ ।

उक्त वडामा धार्मिक हिसाबले सबै हिन्दुहरुको मात्र वसोवास छ । यहाँ बाहुन, क्षेत्री र दलित (भट्टराई, तिमिल्सेना, साँउद, बुढा, खत्री, महर, विभिन्न दलितहरुको) वसोवास गर्दै आएका छन् । विभिन्न जातीहरुको विच परम्परा र संस्कृतिमा सामान्य मात्र विविधता छ । तर चाँड पर्वहरु भने अधिकतम साझा प्रकारका छन् । माघेसंक्रान्ति, विसु, होली, देउसी तथा भैलो आदि मुख्य चाँडका रुपमा लिईनछ भने नन्दगडा वजार नजिकै रहेको मैठामाण्डुमा मनाईने अनन्ते यहाँको प्रख्यात मेला हो । दिउसो यहाँ मष्टादेवताको थानमा पुजा आजा गर्ने गरिन्छ राती देउडा गित, खेल (केटाकेटी) लगाउने गरिन्छ- "**डाँडामाथि मैठामाण्डु गैराउदो मौभेरी, म साईकि बाडुली लाउला दिनका नौ बेरी**" प्रख्यात देउडा गित । जाती अनुसार संस्कृति र मान्यताहरुमा केही भिन्नता देखिएतापनि वडाका साझा संस्कृति, चाँड पर्व तथा समस्याहरुका लागि उक्त वडाका सबैमा एकजुट तथा मिलोमतोकासाथ समस्याको समाधान तथा साझा रुपमा समाधानका लागि एकतावद्ध भएको देख्न सकिन्छ । देवी देउताहरुमा गरी कालिका देवी, देउमाण्डु, वेताल, आदि पनि

मुख्य भित्र नै पर्दछन । यहाँको विशेषता त के छ भने देउमाण्डुबाट देखिने ५००० मिटर अग्लो प्रसिद्ध धार्मिक एवं पर्यटकीयस्थल मालिका तथा ऋषिदह वडा क्षेत्रमा पर्ने नन्दामाताको भू- गोल हेर्न लायक दृष्य भित्र पर्दछन । उक्त वडा अग्लो ठाँउमा अवस्थिति भएको हुदा जिल्लाको अधिकांश भू- भाग तथा वाजुरा, डोटी तथा वझाङ्ग जिल्लाको समेत केही भागहरु सहज हेर्न सकिन्छ । अझै धेरै ठाँउ र भू- भाग हेर्न वडाको अग्लो भाग चुलिकोटे राजाको नामबाट रहेको अग्लो डाँडाः चुलिकोट (शोडषाको सिमानामा पर्ने) बाट जिल्लाको ६० प्रतिशत भाग हेर्न सकिन्छ जुन पर्यटकीय दृष्टिकोणले उपयुक्त छ र महत्वको छ ।

वडाको उचाईकाको विविधताका आधारमा उक्त वडामा उपलब्ध हुने हावापानीको उपलब्धता र कारणहरुः

१. **बेंसी क्षेत्रः** अछाम जिल्लाका प्रमुख नदि र किनारमा पर्ने भू-गोल यस क्षेत्रमा समेटिएको छ । अछाम जिल्लाको परिबेशमा कर्णाली, बुढीगंगाका किनारको सबै क्षेत्रहरु यस भित्र पर्दछन भने कैलाश खोलाको केहि भागहरु तथा जिल्लाका अन्य होचो भागहरु पनि यसमा समावेश गरिएका छन् । यसको अधिकतम उचाई १२०० मिटर भन्दा कम हुन्छ । उचाई कम भएको हुदा यहाँ तापक्रममा पनि अन्य स्थानहरुमा भन्दा गर्मी बढि हुन्छ । ३०° सेण्टिग्रेड बढ्ने गरी गर्मी हुन्छ भने हिउदमा २०° सेण्टिग्रेड सम्म तापक्रम रहने गर्दछ । यस उचाईको अधिकतम क्षेत्रमा २००० मिलिमिटरसम्म पानि पर्दछ ।

२. **न्यानो समशितोष्ण हावापानीः** समुन्द्री सतहदेखी १२०० देखि २१०० मिटरसम्मको उचाईमा उपलब्ध हुने हावापानी यस क्षेत्रमा पर्दछ । उचाईको वृद्धिका कारण वर्षायाममा २००० मिलिमिटरसम्म पानी पर्ने तथा अधिकतम तापक्रम १५°- २५° सेण्टिग्रेडसम्म यहाँको हुन्छ भने हिउमा ५°-१०° सेण्टिग्रेडसम्म तापक्रम रहने गर्दछ । यस प्रकारको हावापानीलाई उपयुक्त हावापानी मान्ने गरिन्छ । यस खालको हावापानी यस क्षेत्रका, शोडषा, विन्ध्येवासिनी, ठाँटी, कुस्कोट र ऋषिदह वडाको Range मा उपलब्ध छ ।

३. **ठण्डा शितोष्ण हावापानीः** यस खालको  हावापानी २१००- ३३०० मिटरसम्मको उचाई उपलब्ध हुने गर्दछ । यस उचाईको क्षेत्रमा गर्मीयाममा अधितम १५° सेण्टिग्रेडसम्म तापक्रम तथा हिउदमा ५° भन्दा कम तापक्रम उपलब्ध हुने गर्दछ भने वर्षयाममा १५०० मिलिमिटरसम्म वर्षा हुने गर्दछ ।

**भू- उपयोग (Land Use):** नन्देगडावडामा कूल क्षेत्रफलको ८०६०२५३ वर्ग मिटर क्षेत्रफल जमिन खेतीका लागि योग्य मानिन्छ । यस वडामा बलौटे माटोको बाहुल्यता छ । खेती योग्य जमिनको क्षेत्र प्रयाप्त छ तर अप्रयाप्त सिंचाईको सुविधा, परम्परागत कृषि प्रणाली अधिक कृषि उत्पादनको बाधक वनेको छ ।

**वडा नं ७ को अन्तरसम्बन्ध (Inter Relation):** यस वडाको अन्तरसम्बन्ध निकटका वडढाहरु जस्तै, मष्टामाण्डौं, वर्दादेवी, कुस्कोट, शोडषा, विन्ध्येवासिनी वडाहरु हुन । उक्त वडाहरु मध्ये कतिपय वडाहरुसंग अन्तरसम्बन्धित, पारस्परिक सहयोगी, साझा वन, समान संस्कृति भएका गाविससंगै यस वडाको अस्तित्व पनि स्थापित भएको छ ।

## वार्ड नं. ८ हात्तीकोट

**ऐतिहाँसिक पृष्ठभूमी (Historical Background):** ऐतिहाँसिक दृष्टिकोणले ह्यत्तिकोट वडाको आफ्नै खालको विशेषता रहेको छ । यो वडा जिल्लाको सदरमुकाम मंगलसेनवाट ९ कोष टाढा उत्तरमा अवस्थित छ । यो गाविस नेपालको एकिकरण अघि शाहवंशीय शासकहरु मध्येका बिम्कोटे राजाको शासन व्यवस्था भित्र रहेको थियो तथा विम्कोट पनि यसै गाविसमा पर्दछ । राणा कालमा सम्पन्न जनगणना १९६८ साल पश्चात अछाम जिल्लालाई विभिन्न दराहरुमा विभाजन गर्ने क्रममा हालको षोडशा, ठाँटी,शोडषादेबी, कुस्कोट, बिन्ध्येवासिनी, हात्तीकोट, नन्देगडा र नवाठाना क्षेत्रलाई पन्ध्रबिस दरा भनिन्थ्यो ।

पञ्चायतको कालको राजनीतिक परिवेशमा तत्कालिन विम्कोटे राजाहरुको क्रिडास्थल र समग्र जिल्लाको हिसावले पिछडिएको तत्कालिन १५- २० क्षेत्र अझै ह्मत्तिकोट भनेपछि जनता सोझा, ठाँउ विकट भन्ने अर्थबाट बुझ्ने गरिन्थ्यो र स्वयं विम्कोट यसै गाविसमा पर्ने हुदा यहाँ जनाता माथि हुने शोषण अन्य गाविसको तुलनामा अत्याधिक मानिन्छ । तत्कालिन प्रशासक वा नेताले उक्त ठाँउका जनताको पिरमर्का भन्दा पनि आफ्नो “पकेट क्षेत्र वा भोट ब्याँङक” का रुपमा मात्र उपयोग गरेको देखिन्छ ।

विगतमा हात्तिकोट वडा वर्तमानमा रहेको भौगोलिक वनावट भन्दा ठूलो रहेको बुझिन्छ ।

**ठू**लो गाविस तर साधन श्रोतको अभावका कारण यस गाविसले विकास निर्माणका हकमा धेरै उपलब्धि हाँसिल गर्न सकेको देखिदैन । विकास निर्माणका पूर्वाधारहरुको अभावमा जनस्तर, चेतनाकोस्तर, शिक्षा, स्वास्थ्य सबै विषयहरु प्रभावित हुने गर्दछन । विकासको बाधकका रुपमा रहेको प्रमुख कारण भने तत्कालिन राज्य सत्ता अझै सामन्तवाद र भुरे टाकुरेराजाहरु नै  भएको देखिन्छ । आफू अनुकूल उपयोग गर्ने तथा सत्तामा स्वार्थशिद्ध भएपछि जनतालाई चिन्न छोडनु पञ्चायती प्रवृत्ति थियो । जिल्ला सदरमुकामबाट ९ कोषको दूरीमा रहेको यस गाविसमा सरकारी सेवा प्रवाहमा भने समस्या समस्या देखिएको छ ।

सोझा साझा जनता जसलाई अनुकूलतामा उपयोग गर्न सकिने राजनीतिक विश्लेषणका आधारमा त्यस ठाँउको मूल्याङ्कन गरिने चलन लामो समयसम्म कायम रहेको थियो । यस गाविसका जनतालाई राजनीतिक मितेरी लगाई आफु अनूकुल वनाई प्रभावमा राखि राख्न विकास भन्दा पनि टाउकेहरुसंगको मिलोमतोलाई बढि महत्व दिईन्थ्यो । २०३७ सालको जनमत संग्रह पछिको सम्पन्न २०३८ सालको आम निर्वाचन पछि अछाम जिल्लालाई ७५ गाउँ पञ्चायतमा विभाजन गरियो । सरकारी नीति अनुसार कुस्कोट गाविसबाट २०३९ सालमा अलग भएको यस गाविसमा **हति नाम गरेका राजा आई राज्य गरेको र पछि यसै गाविसको हतिकोट भन्ने स्थानमा वसोवास गरी बस्दै आएका हति भन्ने राजाको** नामबाट यस गाविसको नाम **हतिकोट** तथा अप्रभंस हुदै हिजोआज हात्तिकोट भन्ने गरिन्छ ।

२०४६ को जनआन्दोलन पश्चात्त दमन, थिचोमिचो, निरंकुशता, तथा खोले टाकुरे सामन्तहरुको पञ्जाबाट मुक्त भएपछि  विगतको राजनीतिक अवस्थाको समिक्षा गर्दै अघि बढेको देखिन्छ । विम्कोटे राजा स्वयं यहि गाविसको भएको हुदा हात्तिकोट गाविस प्रजातन्त्रको स्थापना पछिसम्म पनि सामन्तवादबाट मुक्ति पाउन सकिरहेको अवस्था देखिएन । यहाँ सम्पन्न हुने चुनावहरु विम्कोटेको प्रभावमा हुने हुदा जनता गोप्य मतदानमा समेत प्रभावित हुनु परिस्थिति अनुसार नै मान्नु पर्दछ । गाविसका केही वडाहरु परिवर्तनको पक्षमा उभिएको देखियो भने बाँकी वडाहरु यथास्थिति/सामन्ती प्रभाव परेको पाईन्छ । २०६२/०६३ को परिवर्तन पछि भने उक्त गाविसबाट समेत सामन्तवादको उन्मुलन भएको देखिन्छ । यस गाविसबाट २०४९ र २०५४ मा राप्रपाको उम्मेदवार धनबहादुर शाह गाविसको अध्यक्षमा निर्वाचित भएका थिए जो हाल गाउँपालिकामा नेपाली कांग्रेस (तत्कालिन गठबन्धन)को तर्फबाट उपाध्यक्ष पदमा निर्वाचित भएका छन ।

अझै २०६२/०६३ को जनआन्दोलन पछि जनतामा राजनीतिक चेतनाकोस्तर माथि उठेको छ । गाविसमा नेकपा (एमाले), नेपाली कांग्रेस, एनेकपा माओवादी र नेकपा माओवादी क्रमश सक्रिय देखिन्छन तापनि केहि पार्टीहरुले अझै पनि जिल्लास्तरमा प्रतिनिधित्व गर्ने नेतृत्वको विकास गर्न सकिरहेको देखिदैन ।

यस वडा हाल मेल्लेख गाउँपालिका वार्ड नं. ८ मा अवस्थित छ । मिति २०७४ असाढ १४ गते सम्पन्न (झण्डै १५ बर्ष पछि सम्पन्न) स्थानीय तह निर्वाचनमा यस वडाबाट नेपाली कांग्रेसका सदस्य खकिन्द्र बहादुर साउद अन्य चार सदस्य सहित निर्वाचित भएका थिए ।

सामाजिक आन्दोलनमा समेत यस वडा सक्रिय रहेको देखिन्छ । चाहे खुला दिशामुक्त वडाको सन्दर्भ होस वा पूर्ण खोपयुक्त, छाउपडि मुक्त, धुवा रहित गाविसको घोषणा होस महिला तथा पुरुषहरुको वा युवा, विद्यार्थि, शिक्षक, कर्मचारी, सामाजिक कार्यकर्ता सबै सक्रिय सहभागिता रहने गरेको छ । सरकारी सेवा सुविधाको प्राप्तिका लागि

सदरमुकाम प्राय मंगलसेन जानुपर्ने बाध्यता विद्यमान छ । नुन बोकेर खानु पर्ने यात्राका दिनहरुको समाप्ति भएको छ । यस क्षेत्रको प्रतिनिधि तथा ईलाका नं. ४ का राजनीतिक कार्यकर्ताको सक्रियतामा सडक यातायातकालागि राष्ट्रिय योजना आयोगले मष्टामाण्डौं हुदै ह्यत्तिकोट, कुस्कोट- ठाँटी ऋषिदह सडकको निर्माण भईरहेको छ । यसै क्षेत्रको एमाले नेता कृष्णप्रसाद जैशी जिविसको सभापति हुदा निर्माण गरिएको २० वर्षे **जिल्ला सडक गुरु योजना** (DTMP) को मापदण्डमा दिगोपनाका लागि उक्त सडकलाई पनि समावेश गरी पर्यटकीय महत्वको वनाउने उद्देश्यले काम थालिए छ ।

संचारका लागि वडाको हरेक क्षेत्रमा मोवाईल नेटवर्कले काम गरिरहेको छ तापनि आफ्नौ वडामा भने टावरको निर्माण हुन सकेको छैन, प्रयास जारी छ । भने स्वास्थ्य सेवा मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन सरकारी योजना अनुसार उप-स्वास्थ्य चौकी र गाविसले आफ्नो पहलमा Birth in Center को स्थापना गरी सेवा प्रवाह भईरहेको छ । हाईस्कूलसम्मको शिक्षा स्थानीय चण्डिका माविबाट प्राप्त भईरहेको छ भने थप शिक्षा प्राप्त गर्न छिमेकी वडाहरुमा जानु पर्ने बाध्यता विद्यमान छ ।

## २ भौगोलिक स्वरुप तथा भू- उपयोग

भू- वनावट **(Geographical Structure):** यस वार्ड नं. ८ मेल्लेखबाट पशिचममा अवस्थित छ । यसको पूर्वमा वार्ड नं. ५ विन्धेवासिनी, पशि्चम साफेवगर नगरपालिका वार्ड नं. १०, उत्तर वार्ड नं. ४ कुस्कोट र दक्षिण पशि्चम साफेवगर नगरपालिका वार्ड नं. ४ मष्टामाण्डौं यस वडाका सिमानाहरु हुन । उक्त वडा यस गाउँपालिका मध्य सबै भन्दा होचो, उत्पादनसिल भू-गोल तथा पर्याप्त सम्भावना बोकेको क्षेत्र भित्र पर्दछ । यस वडा समुन्द्रि सतह देखी जम्मा ९४२ मिटर उचाईमा मात्र अवस्थित छ । गाविसको अक्षांस २९$^{0}$१६'००.१'' उत्तरी अक्षाँस देखि पूर्वी देशान्तर ८१$^{0}$१४'२०.६" रहेको छ । भने गाविसको क्षेत्रफल ८.०२ वर्ग किलोमिटर रहेको छ । मेल्लेख गाउँपालिकाका अन्य वडाहरुको तुलनामा यस वडाको हावापानीमा तिब्र फरक भेटिन्छ । वडाको अधिकतमक उचाई १५६० र न्यूनतम ६६० मिटर भएको हुदा वडामा मिश्रित खालको हावापानी पाईन्छ । उत्तरमा बग्ने बुढिगंगा अधिकतम ६८० मिटरबाट बग्ने गर्दछ भने सोही वडाको २ नं. वडाको केही भागहरु १५६० मिटर उचाईमा हुनुले हावापानीमा विविधता ल्याएको । जङ्गलको अत्याधिक भाग वडाको उत्तर र दक्षिणी क्षेत्रमा पर्दछ जस्ले पानीको अभाव सृजना गरेको देखिन्छ । खेत रोप्ने प्रयोजनमा बुढिगंगा र विम्कोटी गाड सहयोगी देखिएता पनि पिउन, करेसाबारी तथा सरसफाई प्रयोजनमा उपयोगमा ल्याउन सकिने पानीको अभाव नै देखिन्छ । साविक ३ देखी ९ वडासम्म पानिको उपलब्धता हुदा २ मा खानेपानीको धेरै नै अभाव छतापनि १ मा भने पानीको अभाव देखिदैन । उत्तरमा बग्ने बुढिगंगा नदीलाई राष्ट्रिय गौरबको योजनामा समावेश गराई कुवेत र साउदी कोषबाट निर्माण हुने गरी यस क्षेत्रको नेतृत्व, निवर्तमान सभाषद् माननीय शेरबहादुर कुँवर र पूर्व गृह मन्त्रि तथा एमाले केन्द्रिय सदस्य भीम रावलको सक्रियतामा २० मेगावाट क्षमताको विद्युत उत्पादन कार्य शुरु प्रकृयामा छ । विद्युत निर्माण पश्चात्त राजगारीको सृजना, स्थानीयस्तरमा उद्योग संचालनको सम्भावना देखिन्छ ।

समुन्द्रि सतहको उचाईको बढ्दो क्रमले मानवीय सभ्यतामा समेत फरक पार्ने गर्दछ । हावापानी, संस्कृति, पराम्परा, रहन सहन, लवाई खवाई तथा दैनिक क्रियाकलापहरु । यसस गाउँपालिकाका अन्य वडाहरुको भन्दा यहाँको हावापानीमा विविधता छ नै सोही अनुसार वन पैदावर तथा वन्यजन्तु उपलब्धतामा समेत भिन्नता छ । अन्य ७ वडामा पाईने वनजंगल यहाँ कमै भेटिएतापनि उपयोग योग्य काठहरु पर्याप्त छन । थोरै काममा धेरै उत्पादन वडाको खास विशेषता हिन । हात्तिकोट वडा को भू-उपयोग जम्मा Level Terraces in Hill Slope Cultivation, Grasslands and Shrubs गरी तीन भागमा बाडिएको देखिन्छ, भौगोलिक सूचना प्रणाली (GIS) का आधारमा । उक्त वडाको भू-

गोल धान तथा गहुँ उत्पादनका लागि महत्वपूर्ण मानिन्छ । वडा तरकारी, माछा, दहि, फलफूलमा आँप, अम्बा, केरा, वयर आदीको लागि प्रख्यात मानिन्छ ।

वडामा ढुङ्गाना बाहुन, साँउद (क्षेत्री), दलित, शाह, ठकुल्ला आदी मुख्य जाती भएता पनि सबैको परम्परा र संस्कृतिमा भने सामान्य विविधता छ । तर चाँड पर्वहरु भने अधिकतम साझा प्रकारका छन् । डुंग्री १ र २ मा मनाईने दशै (चैते), थापागाँउमा मनाईने अनन्ते (हालको कालिका मावि रहेको स्थान) भारी खेल, थापागाँउको होरी, विशु, माघेसंक्रान्ति आदि यस वडाका दाजुभाईहरुले मिलेर मनाउने मुख्य चाँडपर्वहरु मानिन्छन ।

वडाको उचाईका कारण यस वडामा दुई खाले हावापानीको उपलब्धता देखिन्छ ।

१. **उष्ण मौसमी हावापानी:** समुन्द्री सतहदेखी १२०० मिटर सम्मको उचाईमा यस प्रकारको हावापानी पाईन्छ । कम उचाईका कारण ग्रिष्मऋतुमा यहाँको तापक्रम ३०° से. भन्दा बढी हुने गर्दछ भने हिउदमा २०° सेन्टीग्रेडसम्म यस वडाको तापक्रम रहने गरेको छ । यस वडाको भू- गोलको उचाई अनुसार मनसुनि वायुको प्रभावले करिब २००० मिलिमिटरसम्म वर्षा भएको पाईन्छ ।

२. **न्यानो समशितोष्ण हावापानी:** यस खालको हावापानी १२०० मिटर भन्दा माथिको उचईमा पाईने भएको हुदा यस वडाको वडा नं. २ को माथिल्लो भागमा यस प्रकारको हावापानी पाईन्छ । यस उचाईमा सरदर ५°- १०° सम्म तापक्रम हुने र मनसुनि वायुको प्रभावले करिब २००० मिलिमिटरसम्म वर्षा भएको पाईन्छ ।

**भू- उपयोग (Land Use)** कूल क्षेक्रफलको २१,३६,२०० वर्ग मिटर क्षेत्रफल रहेको जम खेतीका लागि योग्य मानिन्छ हत्तिकोट वडाको । खेती योग्य जमिनको क्षेत्र प्रयाप्त छ । बुढीगंगाा तथा विम्कोटी गाडबाट सिंचित हुने यस वडाका अधिकांश खेतहरु समयमा नै खेती गर्न योग्य भएको हुदा मौसमी तथा वेमौसमी खेती गर्न उपलब्ध पाँगो माटोका कारण प्रयाप्त छ र प्रतिफल समेत सोचे भन्दा कम देखिदैन ।

**वडा नं ८ को अन्तरसम्बन्ध (Inter Relation):** यस वडाको अन्तरसम्बन्ध निकटका वडाहरु जस्तै, मष्टामाण्डौं, नन्देगडा, नवाठाँना, कुस्कोट, बाब्ला, शिद्धेश्वर, विन्ध्यवासिनी शोडषादेवीसंग रहेको छ र यि वडाहरु उक्त वडाका अन्तरसम्बन्धित, पारस्परिक सहयोगी, साझा वन, समान संस्कृति भएका गाविसहरु हुन ।

**गाउँपालिका जनजिवन (Lively Hood):** यहाँको पछौटेपनको मुख्य कारण यहाँको भू-गोल मानिएको छ । यहाँको जनजिवन निम्न मध्यम खालको छ । बजारको सडकसंग सम्पर्कले वा वजार निकट मानिएता पनि यहाँको एतिहाँसिक पृष्ठभूमीमा उल्लेख गरिएका कतिपय कारणले गर्दा जनताको जनजिवन माथि उठन सकेको छैन । पूर्वाधार निर्माणको अभाव, गुणस्तरीय शिक्षा, वेराजगारी समस्या, परम्परामा आधारित कृषिको उत्पादन प्रणाली, उद्यमशिलताको चेतनाको कमी, आदि यस मेल्लेख गाउँपलिकाको मुख्य समस्या हुन ।

**पेशा/व्यवसाय (Occupation):** उत्पादनका आधारमा अर्थतन्त्रको चरित्र निर्माण हुने गर्दछ भने राष्ट्रिय अर्थतन्त्रको चरित्रको आधारमा कुनै पनि मुलुकमा रोजगारी सृजना हुने गर्दछ । हाम्रो जस्तो देशमा न त स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न सकिएको छ न पूँजीको विकास नै भएको छ । रोजगारी सृजनाका माध्यमहरु नहुदा दक्ष वा अदक्ष जनशक्ति विदेशिनु पर्ने बाध्यता यस गाउँपालिकामा पनि छ । केही संख्यामा शिक्षक तथा, गाउँपालिका भरी ११३ को हाराहारीमा व्यापार (साना मझौला व्यापार वा स्वरोजगार) भन्दा आय आर्जनको अर्को विकल्प यहाँ पनि देखिदैन । कृषि प्रणाली परम्परामा आधारित हुनु अर्को समस्या हो जसबाट रोजगारी सृजनाको कल्पना गर्न सकिदैन । यस बाहेक केहीले मजदुरी गर्ने अधिकांश जनसंख्या अर्थोपार्जन गर्न भारतका विभिन्नस्थानहरुमा जानुलाई पहिलो रोजाईको रुपमा राखेको देखिन्छ । यहाँको जनसंख्यामा ९०% भन्दा बढि कृषिमा आधारित बढी छ ।

**संस्कृति (Culture):** संस्कृति स्थानीयतामा आधारित हुने विषय हो । स्थानीयता भौगोलिक, प्रशासनिक विभाजन आदिमा भर पर्ने हुदा यस गाउँपालिकाको संस्कृति पनि परम्परामा आधारित छ । गाउँपालिका भरिका जनताहरु

एकापसमा  मिलेर वस्ने, छरछिमेकमा सरसहयोग, चाँडपर्व, धर्म, वर्गमा खासै विविधता नभएका कारण संस्कृति पनि साझा र एकरुपतामा आधारित छ ।

**चुनौती र अवशरहरु (Challenges and Opportunies):** मेल्लेख गाउँपालिका राज्यले प्रदान गर्ने विभिन्न सेवाबाट विमुख भएको अनुभूती हुन्छ । याहाँ हालसम्म पनि सडकको व्यवस्थित सञ्चालन नहुनु तथा वर्षा याँममा धेरै टाढाबाट भारी बोकेर दैनिक उपभोग्यका सामानहरुको आपूर्ती गर्नु पर्ने बाध्यतामा सामान्य न्यूनता मात्र आएको छ । जिल्ला सदरमुकाम जान अहिले आजको युगमा पनि पैदल वा चर्को भाडा तिरेर जानु पर्ने बाध्यता छ । उपयूक्त तथा बजारसँग जोडिने पक्की सडक निर्माण हुन नसक्दा यस क्षेत्रका सबै वडाहरु प्रभावित हुन पुगेका छन । यहाँसम्मको वाटो पनि **जिल्ला सडक गुरु योजना** (जुन पुर्व जिविस सभापति कृष्ण प्रसाद जैशीको पालामा निर्माण भएको थियो) मा समावेश गरि कार्यसञ्चालनमा ल्याइएको छ । **DTMP** को पूर्ण कार्यान्वयन पछि सडक विस्तार, मर्मत  तथा सञ्चालनमा सहयोग पुग्ने अपेक्षा लिइएको छ । भने निर्माण गरिएका भौतिक संरचनाको दिगोपना लाई ध्यान दिनु पर्ने देखिन्छ ।

साँफे नजिकको तथा अग्लो र खुला स्थान चिसो हावापानी, वजारीकरणको सम्भावना वोकेको गाउँपालिकाको रुपमा स्थापित गर्न, यसक्षेत्रका वनजंगलमा पाईने पैदावरको संरक्षण गरी **२० वर्ष पछिको हाम्रो मेल्लेख गाउँपालिका** भन्ने सोचेर योजना तर्जुमा गर्नु पर्ने देखिन्छ जसलाई पर्यटकीय दृष्टिकोणले महत्वको मानिन्छ । बाटाघाटाहरु, सडक, भौतिक संरचना आदिको दिर्घकालिन योजना, रणनीतिक योजना सहित योजना निर्माण गर्नु र उपलब्ध साधन श्रोतको उचित व्यवस्थापन गर्दै अघि बढनु यस क्षेत्रका अगुवा, सामाजिक कार्यकर्ता, शिक्षक, बुद्धिजिवि, आम दाजु भाईहरुका साझा कर्तव्य हो, जस्ले **सुन्दर गाउापालिकाको** सपना साकार पार्न सक्दछ । वजार नजिकको भएको हुदा स्थानीय उत्पादनको बृद्धि गर्न आधुनिक कृषि प्रणालीको अधिक प्रयोग र कच्चा पदार्थको उत्पादनमा जोड दिन सके वेरोजगारी समस्याको समाधानमा टेवा पुग्ने र अर्थोपार्जनको माध्यम हुनेछ, कृषि प्रणाली । वर्षेनी आर्थिकको समस्याका कारण विदेशिने युवाहरुलाई स्थानीय उत्पादन तथा आधुनिक कृषि प्रणालीमा संलग्न गराई रोजगारी सृजनामा सहयोग गर्नु पर्दछ ।

## अछाम जिल्लाको जनसंख्या:

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Dist. Code Name of District: 69/ Achham | | | | | | |
| | **Province: 7** | | | | | | |
| | S.N. | Municipality/ VC | Population | No. of Wards | Area/ Km2 | Population Density Km2 | Remarks |
| | Municipality | | | | | | |
| | 1 | Mangalsen Municipality | 32,331 | 14 | 220.14 | 147 | |
| | 2 | Sanfebagar Municipality | 33,788 | 14 | 166.71 | 203 | |
| | 3 | Kamalbazar Municiplaity | 23,738 | 10 | 120.78 | 197 | |
| | 4 | Panchdeval Binayak Municiplaity | 27,485 | 9 | 147.75 | 186 | |
| | Additon | | **117,342** | **47** | **655** | **733** | |
| | Gaun Palika (Rural Municipal): | | | | | | |
| | 1 | Chourpati | 25,149 | 7 | 182.16 | 138 | |
| | 2 | Mellekh | 24,670 | 8 | 134.78 | 183 | |
| | 3 | Bannigadhi Jayagadh | 17,359 | 6 | 58.26 | 298 | |
| | 4 | RamaRoshan | 25,166 | 7 | 173.33 | 145 | |
| | 5 | Dhakari | 21,562 | 8 | 227.88 | 95 | |
| | 6 | Turmakhand | 24,940 | 8 | 232.07 | 107 | |
| | Additon | | **138,846** | **44** | **1,008** | 966 | |
| Total Count | **10** | | **256,188** | **91** | **1,664** | **1,699** | |

Source: CBS